लेखापरीक्षण प्रतिवेदन

हरिपुर नगरपालिका, सर्लाही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

हरिपुर नगरपालिका, सर्लाही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/350

मिति : २०८३-१-३०

श्रीमान् नगर प्रमुखज्यू,

हरिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सर्लाही।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीको लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/350

श्रीमान नगर प्रमुखज्यू,

हरिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

सर्लाही।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस पालिकाकोआर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फ रु. १ अर्ब ४१ करोड ६४ लाख ४४ हजारको लेखापरीक्षणबाट रु. २ करोड ७० लाख ५१ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु . ६ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १७ लाख ४८ हजार , नियमित गर्नुपर्ने रु. २ लाख १७ हजार र पेश्की बाँकी रु. ४४ लाख १० हजार गरी जम्मा रु. २ करोड ७० लाख ५१ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ४९ करोड ९९ लाख ३८ हजार मध्ये सम्परीक्षण पेश नभई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. ५२ करोड ६९ लाख ८९ हजार बाँकी रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८२	४८	२,७०,५०,९७०	०	०	०	०	८२	४८	२,७०,५०,९७०	६,७५,५५९	२,१७,५२४	२,१७,४८,२१६	०	०	२,१९,६५,७४०	४४,०९,६७१

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सर्लाही	४९९९३८०००	०	०	४९९९३८०००	०	२,७०,५०,९७०	५२६९८८९७०

हरिपुर नगरपालिका, सर्लाही

(८०२१९४०९३००)

हरिपुर नगरपालिका , सर्लाही

परिचय

१

(क) कार्यालय परिचय - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु नगरपालिकाको मुख्य उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा, क्षेत्रफल ६६.८६ वर्ग कि मी र जनसंख्या ४३२३३ रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।०२ देखि २०८२।०८।०६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्ययतर्फ रु. १ अर्ब ४१ करोड ६४ लाख ४४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २६८३१८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	झीम खोलाको ठेक्कामा लाग्ने भ्याट (ओम निर्माण सेवा)एन. आई. सी. एसिया बैङ्क लि. को भौ.नं. ८९३३३८०७ मिति २०८२।०८।०८ को शीर्षक नं.३३३१४ बाट रु.५८८४७ तथा लखन्देही खोलाको ठेक्कामा लाग्ने भ्याट (हनुमान जेनरल अर्डर सप्लायर्स) एन. आई. सी. एसिया बैङ्क लि. को भौ.नं. ८९६४१८२९ मिति २०८२।०८।१५ को शीर्षक नं. ३३३१४ बाट रु. २०९४७१ गरी जम्मा रु.	२६८३१८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय सञ्चित कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको प्राप्ति र भुक्तानी हिसाबको आर्थिक वर्ष २०८१।०८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

एकिकृत आय व्यय विवरण

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
सुरु मौज्दात		१६६७६६८६९.७६	**चालु खर्च**		२८७८७५०७१.३८
१.संचित कोष	१४२२०१७३१.१		१.पालिका तर्फ	१२०७७७९४२.५१	
२.धरौटी	८१७८०१९.१५		२. संघीय सशर्त	१६७०९७१२८.८७	
३.कार्यसञ्चालन कोष	६६०६२७.९८		३. संघीय विशेष	०.००	
४. स्थानीय तह प्रकोप व्यवस्थापन कोष	१५७२६४९१.५३		४. प्रदेश सशर्त	०.००	
यस वर्षको आय		९८७०३०६.८१	५. प्रदेश विशेष	०.००	
१.आन्तरिक आय	९८७०३०६.८१		**पुँजीगत खर्च**		१६४४७६९५४.१
२. वित्तीय हस्तान्तरण (संघ)		५१५४८४६७८.६१	१.पालिका तर्फ	९८५६५६७९.५५	
क) समानीकरण अनुदान	१०७२६७४४०.००		२. संघीय सशर्त	५२२८२८३३.५५	
ख) राजस्व बाँडफाँट	९३६८९७९७.६१		३. संघीय विशेष	४२२३४४१.००	
ग) सशर्त अनुदान	३१०३०४०००.		४. संघीय समपुरक	०.००	
घ) समपुरक अनुदान	०.००		५. प्रदेश सशर्त	९४०५०००.००	
ङ) विशेष अनुदान	४२२३४४१.००		६. प्रदेश विशेष	०.००	
च) रोयल्टी	०.००		७. प्रदेश समपुरक	०.००	
छ) अन्य	०.००		**अन्तर सरकारी अख्तियारी (संघ)**		१४६७०००६९.५४
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३६५९९६३९.	क) सामाजिक सुरक्षा	१४३७६६६३३.५४	
क) समानीकरण अनुदान	८४२८०००.००		ख) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	६०००००.००	
ख) राजस्व बाँडफाँट	९३९३५७७.००		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३३३४३६.००	
ग) सशर्त अनुदान	९५०००००.००		घ) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	०.००	

घ) समपुरक अनुदान	०.००		**अन्तर सरकारी अख्तियारी (प्रदेश)**	०.००	०.००
ङ) विशेष अनुदान	०.००		**ऋण फिर्ता(साँवा)**	०.००	०.००
च) रोयल्टी	०.००		**ऋणको ब्याज भुक्तानी**	०.००	०.००
छ) स्थानीय राजस्व बाँडफाँट	९२७८०६२.००		**धरौटी फिर्ता तथा सदर स्याहा**	११७९०६८.९३	११७९०६८.९३
४. अन्तर सरकारी अख्तियारी (संघ)		१४६७०००६९.५४	**कार्यसञ्चालन कोषबाट भएको खर्च**	६२१६४४५.२७	६२१६४४५.२७
क) सामाजिक सुरक्षा तथा संरक्षण	१४३७६६६३३.५४		**अन्य कोषबाट भएको खर्च**	०.००	
ख) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	६०००००.००		**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**	०.००	
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३३३४३६.००		**अन्य सहयोगमा सञ्चालित योजना**	०.००	
घ) श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	०.००		**अन्यखर्च भएमा**	०.००	०.००
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.००	०.००	**अनुदान फिर्ता**		९१०१९०३७.५८
६. ऋण/ वित्तीय व्यवस्था	०.००	०.००	१. संघ तर्फ		
७. धरौटी आय	३६१७०५०.२	३६१७०५०.२	क) सशर्त अनुदान	९०९२४०३७.५८	
८. कार्यसञ्चालन कोष आय	६७०५९५९.८३	६७०५९५९.८३	ख) विशेष अनुदान	०.००	
९. अन्य कोषको आय	०.००	०.००	ग) समपुरक अनुदान	०.००	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०.००	०.००	२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०.००	०.००	क) सशर्त अनुदान	९५०००.००	
१२. अन्य आय	०.००	०.००	ख) विशेष अनुदान	०.००	

			ग) समपुरक अनुदान	०.००	
			अन्तिम मौज्दात		**१८८२७७९२६.९५**
			१. संचित कोषको मौज्दात	**१५९५६६३५२.३४**	
			२. धरौटी	**१०६१६०००.४२**	
			३. कार्यसञ्चालनकोष	**११५०१४२.५४**	
			४. स्थानीय तह प्रकोप व्यवस्थापन कोष	**१५७२६४९१.५३**	
			५. हिसाव मिलान	**१२१८९४०.१२**	
जम्मा	**८८५७४४५७३.७५**	**८८५७४४५७३.७५**	**जम्मा**	**८८५७४४५७३.७५**	**८८५७४४५७३.७५**

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण. स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४३७६६६३३।५४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु. २३३३४३६।०० र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु. ६०००००।०० गरी जम्मा रु. १४६७०००६९।५४ सुत्रमा लेखा राखेको छैन।जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **फरक हिसाव -**

पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. २४२२३२४, यस वर्षको प्राप्ति रु. २४२९१७६४२.८३, यस वर्षको भुक्तानी रु. १३८११०९६५.६९ र बैङ्क मौज्दात रु. ८८११२३.६१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१६९१८९१९४.५९	४७६०६००६१.१६	४५९७५८५३६.६८	१८७३९६८०३.३४
एकीकृतआर्थिक विवरण अनुसार	१६६७६६८६९.७६	७१८९७७७०३.९९	५९७८६९५०२.३७	१८८२७७९२६.९५
फरक	**२४२२३२४**	**२४२९१७६४२.८३**	**१३८११०९६५.६९**	**८८११२३.६१**

५ **त्रैमासिक पूँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च वार्षिक रु. १६ करोड ४४ लाख ७७ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. १ करोड ५७ लाख १७ हजार अर्थात ९.५६ प्रतिशत, दोस्रो त्रैमासिकमा रु. ५३ लाख ९१ हजार अर्थात् ३.२८ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. १ करोड ५८ लाख २७ हजार अर्थात् ९.६२ प्रतिशत र चौंथो त्रैमासिकमा रु.१२ करोड ७५ लाख ४२ हजार अर्थात ७७.५४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. १० करोड ४९ लाख १७ हजार अर्थात् ६३.७९ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। तसर्थ, स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ।

सि.नं.	बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु.हजारमा)				आषाढ महिनाको मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौंथो त्रैमासिक	
१	पूँजीगत खर्च	१६४४७७	१५७१७	५३९१	१५८२७	१२७५४२	१०४९१७
	खर्च प्रतिशत	१००	९.५६	३.२८	९.६२	७७.५४	६३.७९

६ **बैंक हिसाव विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु.	बैक स्टेटमेन्ट अनुसारबाँकी रु.	फरक
ग १.१, आन्तरिक राजस्व खाता	०	०	०
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
ग १.३, आन्तरिक अनुदान खाता	०	०	०
ग २.२, चालू खर्च खाता- विजोर वर्ष	०	०	०
ग २.४, पुँजीगत खर्च खाता- विजोर वर्ष	०	०	०
ग २.७, विविध खर्च खाता	११५०१४२.५४	११५०१४२.५४	०
ग ३.१, स्थानीय तह धरौटी खाता	१०६१६०००.४२	१०६१६०००.४२	०
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	१५९५६६३५२.३४	१५९५६६३५२.३४	०
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१५७२६४९१.५३	१५७२६४९१.५३	०
जम्मा	**१८७०५८९८६.८३**	**१८७०५८९८६.८३**	**०**

७ **खर्च विश्लेषण -**

पालिकाको गत बर्षको जिम्मेवारी रु. १६६७६६८६९.७६, यस बर्ष कुल आन्तरिक आय रु. ९८७०३०६।८१, राजस्व बाँडफाँड र अनुदानबाट रु. ५५२०८४३१७।६१ समेत रु. ७२८७२१४९४।१८ बिनियोजन भएकोमा चालु तर्फ रु. २८७८७५०७१।३८ र पूँजीगत तर्फ रु. १६४४७६९५४।१० समेत रु. ४५२३५२०२५।४८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.१८

प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु. १२६४८०००।०० खर्च भएको छ, जुन आन्तरिक आयको तुलनामा १२८.१४ प्रतिशत रहेको छ । पालिकालाई यस वर्ष गत बर्षको जिम्मेवारी सबै अनुदान र राजस्व सहित कुल रु. ७२८७२१४९४।१८ प्राप्त भएकोमा ३९.५० प्रतिशत चालू र २२.५७ प्रतिशत पूँजीगत निर्माणमा खर्च भई रु. १८८२७७९२६।९५ बाँकी मौज्दात भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

८ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम -**

८.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपप्रमुखले मिति २०८१।०३।०९ गते रु. ७५ करोड ६९ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०६।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।तसर्थ पालिकाले समयमै बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने देखिन्छ ।

८.२ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८.३ **लक्ष्य प्रगति -** आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालय पठाउनुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार यस आ.व. मा ३३५ वटा योजना रहेकोमा १०७ वटा शून्य प्रगति, ७५ प्रतिशत सम्म १२ र सो भन्दा माथि प्रगति भएको २०० वटा योजना रहेको देखिन्छ ।अतः पालिकाले योजना तथा कार्यक्रम छनौट गर्दा जनताका मागका आधारमा कार्यान्वयन योग्य कार्यक्रम छनौट गरी सञ्चालन गर्नुपर्दछ ।

कार्यक्रम/ योजना	**कुल कार्यक्रम/ योजना**	**वार्षिक प्रगति स्थिति**				
		शून्य प्रगति	**२५ प्रतिशत सम्म**	**५० प्रतिशत सम्म**	**७५ प्रतिशत सम्म**	**७५ प्रतिशत भन्दा माथि**
वडा स्तरीय	१५६	४३	०	५	६	१०२
पालिकास्तरीय	१७९	६४	५	६	६	९८
जम्मा	३३५	१०७	५	११	१२	२००

८.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको

देखिन्छ ।

क्र.स.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	२६२९००४५.००	२०१६०४२३.१९	४.४६
२	सामाजिक विकास	३५११९७७८३८.००	२२९६१७४२३.३६	५०.७६
३	पूर्वाधार विकास	२१४०२३७७३.००	९८७३९४३०.३४	२१.८३
५	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१३४३२०००.००	८९८७६४९.११	१.९९
६	कार्यालय सञ्चालन तथा प्रशासनिक	१५११८४६९१.९२	९४८४७०९९.४८	२०.९७
जम्मा		७५६९०८३४७.९२	४५२३५२०२५.४८	

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ४.४६ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५०.७६ प्रतिशत, पूर्वाधारतर्फ २१.८३ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ १.९९ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च २०.९७ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ४.४६ प्रतिशत मात्र खर्च गरेको देखिंदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ।कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेको देखिन्छ।प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।साथै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा बजेट विनियोजन एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।

८.५ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि ५ लाखसम्म	रु ५ लाखदेखि १० लाखसम्मका	रु १० लाखदेखि २० लाखसम्मका	रु २० लाखभन्दा बढीको	जम्मा
वडा स्तरीय	३६	९६	२०	३	१	१५६
पालिका स्तरीय	७	९१	४७	१२	२२	१७९
जम्मा योजना	४३	१८७	६७	१५	२३	३३५

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा ३३५ वटा योजना संचालन गरेकोमा रु.२० लाख भन्दा मुनिका ३१२ वटा योजना छन् । जुन कुल योजना संख्याको ९३.१३ प्रतिशत हुन आउँछ ।साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी भौगोलिक दुरी र पहुँचका आधारमा एकमुष्ठ लागत अनुमान तयार गरी ठूला योजना निर्माण कार्यमा र प्राथमिकता प्राप्त योजना संचालन र स्वीकृतीमा ध्यान दिनुपर्दछ ।

९ **अनुदान फिर्ता** -

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार २०८२ असार मसान्त सम्म खर्च भई बाँकी रहेको अनुदान रकम देहाय बमोजिम फिर्ता भएको प्रमाण पेश भएको छ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	फिर्ता रकम	फिर्ता मिति
संघीय सरकार	सशर्त चालु	३२०६८८७१.१३	२०८२।०३।३२
	सशर्त पुँजीगत	५८८५५१६६.४५	२०८२।०३।३२
प्रदेश सरकार	सशर्त	९५०००	२०८२।०३।३२

१० **गत बर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गत वर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरी यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकी विवरण समावेश गरेर चालुतर्फ रु. ८१०११०७।३३ र पुँजीगत तर्फ २४ वटा योजनामा रु. १५५६८९९३।७१ गरी जम्मा रु. २३६७०१०१।०४ भुक्तानी दिएको छ । एक आर्थिक वर्षको रकम बाँकी राखी अर्को वर्षमा भुक्तानी गर्दा सम्बन्धित खर्चको वार्षिक कार्यक्रमा असर गर्ने र तोकिए अनुसारको आयोजना समयमा सम्पन्न हुन नसक्ने हुन्छ।तसर्थ पालिकाले सम्वन्धित वर्षमै दायित्व भुक्तानी दिन प्रयास गर्नु पर्दछ।

११ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन :

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानी यस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाईएन,

• अवकास कोष सम्वन्धी कानूनी व्यवस्था कार्यान्वयन गरेको पाईएन,

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको परिपालनामा कमी आउने हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१२ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएकोमा पालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ। वित्तीय जोखिम न्युनीकरण गर्न ऐन अनुसार सबै शीर्षकलाई समेट्ने गरी समयमै आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।

१३ **राजस्व** -

१३.१ **उद्योग व्यवसायीहरुको लगत** - पालिका भित्र के कति संख्यामा उद्योग व्यवसायहरु संचालनम आएका छन् पालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीहरु र जनताको हितकोलागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योग ब्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै अभिलेख राखी नियमानुसार राजश्व संकलन गर्नुपर्ने देखिन्छ।

व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क र ब्यबसाय कर रु.२१५४५० सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन्।उद्योग व्यवसायको लगत राखी दर्ता हुन बाँकी रहेका व्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी ब्यवसाय कर संकलनमा वृद्धि गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ।

१३.२ **राजश्व परामर्श समिति** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका

कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन ।साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५९ मा पालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटवजार, पसल, सरकारी जग्गमा बनेका संरचनाको उपयोग गरेवापत बहाल विरौटी शुल्क लगाउन सक्ने ब्यबस्था गरेकोमा पालिका वाट कुनै आय ठेक्कापट्टा लगाएको बिवरण प्राप्त भएन।अन्य क्षेत्रको आय, घर सटर बहाल, अन्य सार्वजनिक स्थान हरुको आन्तरिक आय ठेक्का लगाई आन्तरिक आयमा वृद्धी गर्न सकेको देखिएन।अतःनियमानुसार आफ्नो क्षेत्रमा प्राप्त हुनसक्ने आयको पहिचान गरी कर संकलनमा वृद्धी गर्न प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्दछ।

१३.३ **घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.४९१२९२।१७ उठाएको देखिन्छ। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

१३.४ **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। पालिकाले सवारी कर बापत यस वर्ष रु. ४१४३०० उठाएको देखिन्छ।सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

१४ **योजना संशोधन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। स्वीकृत योजनाको अनुगमन तथा मूल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सभाले १०९ वटा योजना तथा कार्यक्रम संशोधनको निर्णय गरेको छ। यस्ता संशोधन गर्ने कार्यलाई निरुत्साहित गरी औचित्यता बेगर गर्नु हुँदैन। केही उदाहरणहरु निम्न छन्।

सि.नं.	विवरण	रकम रु.
घटाउनेतर्फ ७२ योजना मध्ये जस्तै		
१	मर्मत सम्भार कोष	१५०००००
२	विपद् व्यवस्थापन कार्य	१००००००
३	भूमि व्यवस्थापन कार्य	५०००००
४	स्वयंसेवक शिक्षकहरुको निर्वाह खर्च	१००००००
बढाउनेतर्फ १०९ योजना मध्ये जस्तै		
१	नगरको आर्थिक सर्वेक्षण कार्यक्रम	५०००००
२	नगरभरी सडक बत्ती जडान कार्य	१००००००
३	ओम शान्ति भवन निर्माण कार्य २	५०००००
४	बहु प्राविधिक ल्याब व्यवस्थापन	१००००००

१५ **रकमान्तर** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमाभित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ। पालिकाको बिनियोजन ऐन, २०८१ मा

रकमान्तरको प्रावधान रहेको छैन। सभाको निर्णय बमोजिम बिभिन्न शीर्षकमा (घटाउने रु. ३ करोड ५७ लाख २८ हजार र बढाउने रु. ८ करोड ४५ लाख ४६ हजार) रू. ८ करोड ४५ लाख ४६ हजार अर्थात् कुल बजेट रू. ७५ करोड ६९ लाख ८ हजारको ११.१७ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ। यसरी घटाउनेतर्फ ७२ वटा योजना तथा कार्यक्रममध्ये सेवा र परामर्शमा रु. २० लाख, पूँजीगत परामर्शमा रु. २० लाख, मेसिनरी तथा औजारमा रु. १० लाख, मर्मत सम्भार कोषमा रु. १५ लाख, फर्निचर तथा फिक्चर्समा रु. १० लाख तथा बढाउनेतर्फ १०९ योजना तथा कार्यक्रममध्ये कर्मचारीहरुलाई प्रोत्साहन भत्ता र अन्य भत्तामा रु. २ करोड २१ लाख ४६ हजार, नगरभरी सि.सि.क्यामेरा जडान कार्यमा रु. १० लाख, नगरपालिकाको प्रशासकीय भवन निर्माणमा रु. १ करोड, डिजिटल नगर प्रोफाइलमा रु. १५ लाख, नगरभरी सडक बत्ती जडानमा रु. १० लाख जस्ता कार्यक्रमहरु रहेका छन। यस्ता रकमान्तर गरी कार्य गर्न निरुत्साहित गर्नुपर्दछ।

१६ **उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

१७ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

१८ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

१९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १६४४७६९५४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२० **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर पालिकाले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

२१ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले आर्थिक सहायता वितरण कार्यविधी, २०७९ कार्यान्वयनमा ल्याएको जनाएको छ । उक्त कार्यविधिको परिच्छेद ८ मा न्यूनतम १

हजारदेखि अधिकतम ५ हजारसम्म नगर प्रमुख समक्ष अनुसुची १ बमोजिम परेको निवेदन उपर नगर प्रमुखको आदेश बमोजिम नगद भुक्तानीको अभिलेख तयार गरी सम्बन्धित व्यक्तिलाई आर्थिक सहायता वितरण गर्ने व्यवस्था छ, सो सिमा भन्दा माथि आर्थिक सहायता प्रदान गर्नु परेमा आवश्यकता हेरी नगर कार्यपालिकाको निर्णयबाट आर्थिक सहायता वितरण गरिने व्यवस्था छ ।पालिकाले यस बर्ष ९६ जना विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ६ लाख ३९ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु. ९८ लाख ७० हजारको तुलनामा ६.४७ प्रतिशत रहेको छ । केही उदाहरणहरु

सि.नं.	गो.भौ.नं./ मिति	भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम	प्रयोजन	रकम रु.
१	९।२०८१। ०६।१६	२ जना	स्वास्थ्य उपचार	१२०००
२	७२२। २०८२।०३। २५	नेपाल मानव धर्म सेवा समिति हरिपुर-४	धार्मिक र साँस्कृतिक सहायता अन्तर्गत विभिन्न एम्पिलिफायर, माईक लगायतका सामाग्री खरिद	४३३९२
३	४९३। २०८२।०२। २०	राम दुलारी देवी	औषधी उपचार खर्च	२००००
४	२१२। २०८१।११। १३	विभिन्न ३ जना	स्वास्थ्य उपचार र आगलागी पीडित	१२२०००
५	३००। २०८१।१२। ०५	पद्यम भुवनेश्वरी वृद्ध सेवा आश्रम	वृद्ध वृद्धा आश्रमहरु सञ्चालन	१०००००
६	३३६। २०८१।१२। २०	नवलपुर सर्पदंश उपचार केन्द्र	सर्पदंश उपचार	१०००००

२२ **मेला तथा महोत्सव -**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागू गरेको देखिएन ।नमुना परीक्षणको रुपमा परीक्षण गरिएको श्रेस्तामा पालिकाले शुभकामना आदान प्रदान, पुजा, मेला जस्ता कार्यक्रम राखी निम्न अनुसारको खर्च गरेको छ । मेला महोत्सवमा भएको खर्च विविध खर्चको पुष्टियाई, खरिद भएको सामग्रीहरु प्रयोग र मौज्दात पुष्टी हुने कागजात, अन्य शीर्षकमा भएको खर्चको पुष्टि हुने प्रमाण कागजात पेश भएको देखिएन ।यसले खर्चको सम्बन्धमा एकीन हुन सकिएन । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस्तो अनुत्पादक प्रतिफल बिहिन खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यान दिनुपर्दछ ।केही उदाहरण निम्नानुसार छन् ।

सि.नं.	गो.भौ.नं./ मिति	भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम	प्रयोजन	रकम रु.
१	२४१।२०८१। ११।२२	जितिया पर्व समिति हरिपुर -७	चिताईन जितिया पर्व कार्यक्रम	९४३४७
२	३७४।२०८२। ०१।०८	हरिपुर थारु कला संस्कृति आयोजना समिति, हरिपुर-७	माघी महोत्सव कार्य	५८१२५०
३	३७९।२०८२। ०१।०९	छठ पुजा समिति, हरिपुर-३	छठ पर्व बापत	९४५५८
४	३९६।२०८२। ०१।११	छठ पुजा समिति, हरिपुर-४	वडा नं ४ को विभिन्न स्थानमा छठ पुजा कार्यक्रम	१४२७२३
५	४४०।२०८२। ०१।२५	विभिन्न धर्म संस्कृति जगेर्ना कार्यक्रम उपभोक्ता समिति हरिपुर-५	वडा नं ५ मा विभिन्न धर्म संस्कृति जगेर्ना कार्यक्रम	१४४४०२
६	५३२।२०८२। ०३।०३	गढीमाई पुजा समिति हरिपुर न.पा. -३ र ४ फरहदवा	गढीमाई मेला व्यवस्थापन	२९०२५०
७	६५६।२०८२। ०३।२२	धर्म संस्कृति कार्यक्रम व्यवस्थापन समिति हरिपुर-९	वडा नं ९ मा दुर्गा पुजा र छठ पुजा	१२०९९४
८	६६५।२०८२। ०३।२३	मदरसा रहमानिया गौसिया	वडा नं ३ मा बारबी रवि औल्ल पर्व योजना	९४०६०

२३ **सेवा प्रवाह तर्फ** -

२३.१ **सेवाप्रवाहको स्थिति -** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा विभिन्न विषयमा १६७३ जनालाई देहाय बमोजिम पञ्जिकरण र २१ वटा सडक निर्माण/मर्मत गरेको छ । पालिकाले सेवा प्रवाहलाई फराकिलो गराई सेवा प्रवाहको अभिलेखीकरण समेत गर्नुपर्दछ ।

विवरण	सेवा संख्या
जन्म दर्ता	९२३
मृत्यु दर्ता	२४३
बसाईसराई दर्ता	९८
विवाह दर्ता	३९७
सम्बन्ध विच्छेद दर्ता	१२
कालोपत्रे सडक निर्माण	१ वटा ३५० मिटर
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	१२ वटा १० कि.मी.
ग्राभेल सडक मर्मत	८ वटा ७ कि.मी.

२३.२ **नक्सा दर्ता र पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण अनुसार पालिकाले यस वर्ष १५ वटा नक्सा दर्ता गरेकोमा १४ वटा नक्सा पास भएको छ।पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वियनलाई ध्यान दिंदै नक्सा दर्ता र पास गर्न अभियान नै संचालन गर्नुपर्दछ।

२४ **कानुन निर्माण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले हालसम्म देहायबमोजिम ५२ वटा कानुन निर्माण गरी सबै कानुन राजपत्रमा प्रकाशित गरी कार्यान्यवनमा ल्याएको जनाएको छ ।

क्र.सं.	कानुनका प्रकार	संख्या
१	कार्यविधि	३३
२	ऐन	७
३	निर्देशिका	४
४	नियमावली	३
५	नीति	१
६	आचारसंहिता	१
७	मापदण्ड	३
		५२

२५ **तलवी प्रतिवेदन -**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट र निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी पालिकातर्फ ३२ जना स्थायी कर्मचारीहरुको रु. १ करोड ९४ लाख कर्मचारी पारिश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ ।

२६ **प्रशासकिय संगठन र जनशक्ति व्यवस्थापन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १११ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म स्थायी तथा करार गरी ७५ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ३६ पदहरु रिक्त रहेका छन् ।

२७ **करार तथा अन्य सेवा** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरवन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरवन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न १२ पदमा ४५ जना कर्मचारी करारमा नियुक्त गरी वर्षभरीमा रु. १ करोड ४९ लाख ५८ हजार खर्च लेखेको छ ।पालिकाले डोर हाजिरीमा नियुक्ती गरेका कर्मचारीहरुको नियुक्ती प्रक्रिया, करार नवीकरण,उनीहरुको योग्यताको विवरण संलग्न, प्रमाणित डोर हाजिरी र कार्यस्थलको स्पष्ट विवरण संलग्न छैन भने के-कति संख्यामा डोर हाजिरीमा नियुक्त गरेको सोको विवरण लेखापरीक्षणको क्रममा पेश भएन । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक,कार्यालय सहयोगी, पलम्वर, इलेक्ट्रिसियन, चौकिदार, माली तथा बगैचे लगायतका पदमा मात्र करारमा कर्मचारी नियुक्ती गरी पालिकालाई थप व्ययभार पार्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **पदाधिकारी सुविधा** -

स्थानिय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता भुक्तानी गर्नुपर्दछ ।पालिकाले यो वर्ष पदाधिकारीको वार्षिक सुविधामा रु. १ करोड २६ लाख ४८ हजार खर्च लेखेको देखिन्छ। उक्त खर्च पालिकाको यो वर्षको आन्तरिक आय रु. ९८ लाख ७० हजारको तुलनामा ७८.०४ प्रतिशत रहेको देखिन्छ ।आन्तरिक स्रोत समेतको आधारमा सुविधा भुक्तानी हुनुपर्नेमा पालिकाले नेपाल सरकार समानिकरण र राजस्व बाँडफाँडबाट खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

२९ **जिन्सी तर्फ** -

२९.१ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने,सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाको जिन्सी निरीक्षण समितिले मिति २०८२।०५।११ मा पेश गरेको आर्थिक वर्ष २०८१।०८२ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार देहाय बमोजिम जिन्सी सामग्रीहरुको मर्मत र लिलाम गर्नुपर्ने विवरण पेश गरेको देखिन्छ ।पालिकाले लेखापरीक्षणको अवधिसम्म पनि उक्त सामाग्रीहरुको मर्मत तथा लिलामी गरेको नदेखिएकोले नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

क्र.स.	सामाग्रीको नाम	मर्मत गर्नुपर्ने	लिलामी गर्नुपर्ने
१	पिक अप प्रदेश नं. २-०३००१ झ ००६	१	०
२	मोटरसाईकल ना ४० प ९६२२	०	१
३	साउण्ड बक्स	१	०
४	मोटरसाईकल पल्सर	१	०
५	मोटरसाईकल एफ जेड	१	०
६	मोटरसाईकल एफ जेड	१	०
७	डेस्कटप कम्प्युटर	१	०
८	स्टिल दराज	१	०
९	टयावलेट	१	०
१०	ल्यापटप	०	१

२९.२ **जिन्सी सम्पत्ती व्यवस्थापन प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६२ मा ऐन बमोजिम सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाइ व्यवस्थित गर्न महालेखा नियन्त्रक कार्यालयले आवश्यक सूचना प्रविधिमा आधारित प्रणालीहरू विकास गरी लागू गर्ने व्यवस्था छ।महालेखा नियन्त्रक कार्यालयले सरकारी सम्पत्ति लेखाङ्कन तथा प्रतिवेदन कार्यका लागि सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) विकास गरेको छ । सो प्रणाली सबै कार्यालयमा लागू गर्न महालेखा नियन्त्रक कार्यालयले च. नं. ११ मिति २०७७।४।१२ मा परिपत्र गरेकोमा पालिकाले सो प्रणाली पूर्ण रुपमा लागू नगरेकोले वडा कार्यालय लगायत सम्पूर्ण शाखा कार्यालयहरुमा समेत पूर्ण रुपमा लागू गर्नुपर्दछ ।

३० सहकारी तर्फ -

३०.१ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका १६ वटा सहकारी संस्थाहरु मध्ये २ वटा सहकारी संस्थाहरुले मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्ने गरेको विवरण प्राप्त भएको छ । त्यसैगरी पालिकामा सहकारी संस्था अनुगमन समिति समेत गठन नभएको र यस बर्ष कुनै पनि सहकारी संस्थाको अनुगमन नभएकोले सहकारीको सञ्चालन अवस्थाबारे पूर्ण रुपमा अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

३०.२ **समस्याग्रत सहकारी** - यस पालिकामा १६ वटा सहकारी संस्था रहेकोमा १५ वटा सहकारी संचालनमा रहेको र १ वटा सहकारी सम्पर्कमा नरहेको वा समस्याग्रस्त रहेको विवरण पालिकाले पेश गरेको छ । पालिकाले सहकारीको अनुगमन गरि समस्याग्रस्त रहे नरहेको एकिन गरि अभिलेख तयार गरि राख्नुपर्दछ।

३१ न्यायिक समिति -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फस्र्यौट नभई बाँकी रहेको २० र यस वर्ष ११२ गरि जम्मा १३२ विवाद दर्ता भएकोमा ९२ वटा मात्र फस्र्यौट भई ४० वटा

विवाद बाँकी रहेको देखिन्छ ।पालिकाले केही मुद्धाहरुमा पक्ष र विपक्ष हद म्याद भित्र उपस्थिति नभएको कारण फस्यौंट हुन नसकेको जनाएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३२ **म्याद नाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. १०१३२००।० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

गो. भौ. न.	पेश्की लिएको मिति	पेश्की विवरण	पेश्की लिनेको नाम	पेश्की रकम
१८०	२०८१/११/०१	कार्यक्रम खर्च	ज.स्वा.अ अनिल कुमार चौधरी	३५००००.००
२०९	२०८१।११।१३	जनप्रतिनिधी,महिला स्वयंसेविका तथा कर्मचारीहरुको अवलोकन भ्रमण खर्च	सहायक पाँचौ राजन कुमार पाचे मगर	१६००००.००
२३९	२०८१/११/१२	स्वास्थ्य कर्मीहरुलाई CB-IMNCI सम्बन्धी आधारभूत तालिम	ज.स्वा.अ अनिल कुमार चौधरी	१६००००.००
१८९	२०८२/०१/०८	स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण लगायतको सुपरीवेक्षण तथा व्यवस्थापन खर्च	ज.स्वा.अ अनिल कुमार चौधरी	२४३२००.००
४६५	२०८२/०२/०८	अवलोकन भ्रमण खर्च	ईन्जिनियर विवेक कुमार यादव	१०००००.००
				१०१३२००

पेश्की	१०,१३,२००

३३ **विविध खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बील,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । यो वर्ष पालिकाको कार्यालय र वडा तर्फ गरी रु. २५ लाख ३५ हजार विविध खर्च गरेको छ ।उक्त रकम पालिकाको आन्तरिक आय रु. ९८ लाख ७० हजारको तुलनामा २५.६८ प्रतिशत रहेको छ । यसरी खर्च लेख्दा खर्च गरेको रकमको विल र भुक्तानी पाउनेको निवेदन पेश गरे तापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन अर्थात गोश्वरा भौचर साथ बील मात्र राखि बीलकै आधारमा विभिन्न व्यक्तिहरु तथा फर्महरुलाई भुक्तानी भएको देखिन्छ । विविध खर्च बापतको यस्तो रकम खाजा, नास्ता तथा अतिथि सत्कार र पुजा पाठ जस्ता विविध शीर्षकमा खर्च गरेको छ । विविध शीर्षकबाट खर्च गर्न सकिने क्रियाकलापहरुको योजना, लागत अनुमान, टिप्पणी अनुमोदन गरी कार्यक्रममा भएको खर्च, होटल बास, अतिथि सत्कार जस्ता कार्यक्रममा कहाँ,कसलाई,कहिले,के कति खर्च गरेको सोको स्पष्ट आधारको रुपमा प्रमाण स्वीकृत तथा आन्तरिक आम्दानीलाई समेत विचार गरी खर्च लेख्नुपर्ने र उचित कारण तथा औचित्य बिना बिल पेश गरेकै भरमा भुक्तानी दिने परिपाटिमा नियन्त्रण गर्न जिम्मेवार पक्षको ध्यान जानुपर्ने देखिन्छ ।विविध खर्चका केही उदाहरण निम्न अनुसार रहेका छन् ।

गो.भौ.नं र मिति	भुक्तानी पाउने	विवरण	रकम रु.
४५३।२०८२।०१।३१	आयान रेष्टुरेन्ट	विभिन्न समयमा कार्यालयमा खाना/खाजा आपूर्ति बापत	२९७७५
६२८।२०८२।०३।१९	पवन होटल	विभिन्न मितिमा बसेको बैठकको खाजा तथा खाना बापत	९९७२२
६४४।२०८२।०३।२२	आयान रेष्टुरेन्ट	विभिन्न समयमा खाना तथा खाना बापत	५१८६७
७०३।२०८२।०३।२४	पवन होटल	कार्यालयमा विभिन्न समयमा खाजा तथा खाना बापत	२१२४४०
७२९।२०८२।०३।२५	आयान रेष्टुरेन्ट	विभिन्न समयमा बैठकमा खाजा तथा खाना बापत	६०५९६

३४ **खेलकुद प्रतियोगिता कार्यक्रम -**

५८२।२०८२।०३।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न खेलकुद प्रतियोगितामा क्लबलाई सम्झौता बमोजिम भुक्तानी दिएकोमा क्लवले खरिद गर्ने खेल सामाग्री क्लबमा जिन्सी दाखिला गराई सो को प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने भनि सम्झौता भएकोमा क्लबले देहाय बमोजिमका सामाग्रीहरुको जिन्सी दाखिला प्रतिवेदन पेश गरेको नदेखिएकोले सम्झौता अनुसारको जिन्सी दाखिला गराई प्रतिवेदन पेश गर्नुपर्ने रु.

क्र.स.	क्लबको नाम	सामाग्री	रकम रु.	विवरण
१	नव सँघर्षशील युवा क्लव	जर्सी ३२ सेट	३९८४०	वडा नं २ सानो जगतपुरमा फुटबल खेलकुद प्रतियोगिता
		फुटबल जाली १ सेट	१५०००	
		फुटबल ५ वटा	१९८७५	
		म्याच बल ३ वटा	१९५००	
		जम्मा	९४२१५	
२	श्री लक्ष्मीनाथ युवा क्लब हरिपुर	भलिबल ८ वटा	२७२००	महाशिवरात्री पर्वको अवसरमा भलिबल प्रतियोगिता
		नेट २ वटा	९०००	
		जम्मा	३६२००	
३	नव सँघर्षशील युवा क्लव	जर्सी २० सेट	३०१००	मेयर कप फुटवल प्रतियोगिता कार्यक्रम
		आयोजक जर्सी १८ सेट	१९८००	
		म्याच बल १ वटा	४८००	
		प्राक्टिस बल २ वटा	९०००	
		म्याच बल ३ वटा	१६५००	
		जम्मा	८०२००	
		जम्मा	२१०६१५	

प्रमाण पेश नगरेको	२,१०,६१५

३५ **वडाको कार्यसञ्चालन खर्च -**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।त्यस्तै पालिकाले वडाको कार्यसंचालन खर्चको लागि स्पष्ट मापदण्ड बनाई सो आधारमा बजेट व्यवस्था हुनुपर्नेमा कुनै वडालाई बढी कुनै वडालाई कम कार्यालय संचालन तथा व्यवस्थापनको लागि बजेटको व्यवस्था गरेको छ । पालिकाले वडाको कार्यसंचालन अन्तर्गत मसलन्द तथा कार्यालय

सामग्री, ईन्धन, चियापान र खाजा नास्तामा रु. २१ लाख खर्च भुक्तानी गरेको छ ।पालिका र वडाले पनि मसलन्द तथा कार्यालय सामग्रीमा खर्च गरेकोले एउटै शीर्षकमा खर्च गरेकोले दोहोरो खर्च हुन सक्ने देखिन्छ ।खर्चको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा वडा सचिवलाई भुक्तानी दिएको छ ।खर्चमा पारदर्शिता कायम भएको देखिएन । पालिकाले वडाको कार्यसंचालनको लागि स्पष्ट मापदण्ड बनाई शीर्षकगत रुपमा आवश्यकताको पहिचान गरी बजेट व्यवस्थापन गरी बिलको रकम सोझै आपूर्तकलाई भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ । वडाको कार्यसंचालनको अधिकतम रकम खाजा र खाना शीर्षकमा बढी खर्च भएको र सो खर्च पुष्टि गर्ने प्रमाण संलग्न भएको देखिएन । पालिकाले खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

३६ **जिन्सी तर्फ** -

३६.१ **जिन्सी दाखिला** - ६७७।२०८२।०३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामानहरु आम्दानी र खर्चको अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ। जसका लागि मलेप फा.नं. ४०७ र ४०८ को व्यबस्था भएको छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ बमोजिम एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहाय बमोजिमका सामानहरुको खर्च भएर जाने खातामा अभिलेख राखेको देखिएकोले उक्त सामानहरु खर्च भएर नजाने खातामा दाखिला गर्नुपर्दछ ।

क्र.सं.	**सामाग्री**	**रकम रु.**
१	टेवल ७ वटा	१३८४२५
२	रिभल्विङ चेयर ९ वटा	१४२३८०
	जम्मा	**२८०८०५**

३६.२ **स्पेशीफिकेशन सहितको दाखिला** - आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी सामान खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ।नमुना परीक्षणको क्रममा पालिकाले खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका सामग्रीलाई पाम्समा स्पेशीफिकेशन सहित जिन्सी दाखिला गरेको पाइएन। अतः कार्यालयले जिन्सी दाखिला गर्दा पाम्समा स्पेशिफिकेशन सहितको जिन्सी दाखिला गर्नुपर्दछ।

भौ.नं. र मिति	**विवरण**	**भुक्तानी पाउने**	**भुक्तानी रु.**	**कैफियत**
६७७। २०८२।०३। २३	फर्निचर सामाग्री खरिद	भेराईटी ट्रेड लिङ्क	६०००००	स्पेशीफीकेसन नखुलेको
६८०। २०८२।०३। २३	खेलकुद सामाग्री खरिद	कार्की स्टेशनरी एण्ड स्पोर्टस सेन्टर	५४००८३	खेलकुद सामाग्री खरिद गर्दा लागत अनुमान, BOQ मा स्पेशीफिकेशन नखुलाई दररेट माग गरेको ।
६८९। २०८२।०३। २४	सबै विद्यालयमा खेलकुद सामाग्री वितरण	सचिन जनरल स्टोर सप्लायर्स	२७५२६८	खेलकुद सामाग्री खरिद गर्दा लागत अनुमान, BOQ मा स्पेशीफिकेशन नखुलाई दररेट माग गरेको ।

३७ **भ्रमण अभिलेख प्रतिवेदन** -

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूचि ६ बमोजिमको ढाचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च बापत रु. १९४०५८५।०,अनुगमन मूल्याङ्कन खर्च बापत रु. १७८९००।०, विशिष्ट व्यक्ति तथा प्रतिनिधी मण्डलको भ्रमण

खर्च बापत रु. १०००००।०, अन्य भ्रमण खर्च बापत रु. ६२४५००।० गरी जम्मा रु. २८४३९८५।०० खर्च लेखेकोमा भ्रमण तथा अनुगमनको अभिलेख व्यवस्थित तवरले राखेको देखिएन साथै भ्रमणको उद्धेश्यमा कार्यालय कामकाज उल्लेख भए तापनि सो कामलाई प्रमाणित गर्ने कागजात संलग्न गरेको छैन।अतः नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन व्यवस्थित तवरले राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास वसी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।भ्रमण खर्चका केही उदाहरणहरु यस प्रकार छन्

क्र.सं.	गो.भौ.नं. र मिति	विवरण	रकम रु.
१	१९।२०८१।०६।१८	२ जना	५५३००
२	३१९।२०८१।१२।१५	१८ जना	१७१६००
३	६४३।२०८२।०३।२०	६ जना	१७३६५०
४	६४९।२०८२।०३।२२	४५ जना	३६९१००

३८ **ईन्धन तर्फ** -

३८.१ **इन्धन खर्च** - पालिकाले यो वर्ष इन्धन (कार्यालय प्रयोजन) तर्फ रु. २८३३३३६।०० र पदाधिकारी ईन्धन तर्फ रु. ४०१५७२।०० गरी जम्मा रु. ३२३४९०८।०० खर्च लेखेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु. ९८ लाख ७० हजारको तुलनामा ३२.७७ प्रतिशत रहेको छ । पालिकाले पेश गरेको विवरण अनुसार पालिकासँग १ वटा स्कोरपियो, १ वटा टिपर ठुलो, १ वटा टिपर सानो, १ वटा जे.सि.भी. ठुलो, १ वटा डोजर तथा १५ वटा मोटरसाईकल रहेका छन् ।पालिकाले इन्धन वापत खर्च लेख्दा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्दछ । अतः पालिकाले इन्धन खर्च लेख्दा सवारी साधन वाइज सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्ने तथा एकद्धार प्रणालीबाट इन्धनको अर्डर स्लीपहरु काट्नुपर्ने र भुक्तानी दिदा पालिकाबाट जारी भएका अर्डर स्लीपहरु र फर्महरुले पेश गरेको बीजकहरु भिडान गरी इन्धन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

३८.२ **इन्धनको दर** - पालिकाले यस वर्ष इन्धनमा रु.३२ लाख ३५ हजार खर्च गरेको छ । इन्धन आपूर्तिकर्ताले नेपाल आयल निगमबाट तोकिएको दरमा इन्धनको बिल जारी गर्नुपर्नेमा सो अनुसार नगरी लामो अवधिको एकैपटक बिल जारी गरेको र सोही अनुसार भुक्तानी भएकोले सम्बन्धित अवधिको तोकिएको दर भन्दा बढी दरमा भुक्तानी हुन सक्ने देखिन्छ । यस सम्बन्धमा थप अध्ययन गरी बढी भुक्तानी भएको अवधिको सम्बन्धमा पालिकाबाट एकीन गर्नुपर्दछ ।जसका केही उदाहरणहरु यस प्रकार छन् ।

क्र.सं.	**गो.भौ.नं./ मिति**	**ईन्धन आपूर्तिकर्ताको नाम**	**रकम रु.**
१	६।२०८१।०६।१४	रामबाबु आयल स्टोर्स	४९६८८८
२	५८।२०८१।०७।०४	रामबाबु आयल स्टोर्स	२५३८३०
३	११०।२०८१।१०।१८	रामबाबु आयल स्टोर्स	५२५९५३
४	४३७।२०८२।०१।२४	रमेश आयल स्टोर्स	२०७३५१
५	४५७।२०८२।०२।०२	रामबाबु आयल स्टोर्स	१७९७६६
६	५४६।२०८२।०३।१०	रमेश आयल स्टोर्स	२९०७४१

३९ **पदाधिकारी बैठक भत्ता** -

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सेवा सुविधा सम्बन्धि ऐन, २०७७ अनुसार मासिक ३ वटा सम्म बैठक तथा अनुगमन भत्ताको सुविधा लिन पाईने व्यवस्था रहेको छ ।त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ मा पदाधिकारीहरुको काम,कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले यो वर्ष पदाधिकारी बैठक भत्ता बापत रु. ३० लाख ८७ हजार खर्च लेखेको छ ।उक्त रकम पालिकाको आन्तरिक आय रु. ९८ लाख ७० हजारको तुलनामा ३१.२३ प्रतिशत रहेको छ । स्पष्ट एजेण्डा, माइन्युट र अन्य आवश्यक कागजात बेगर पालिकाका पदाधिकारीहरुले नियमित रुपमा गर्नुपर्ने आफ्नो कामकारबाहीहरुको लागि बैठक बसेको तथा अनुगमन गरेको भनी भत्ता लिएको आफ्नो

काम, कर्तव्यहरु जिम्मेवारीपूर्वक निर्वाह गर्ने भन्दा पनि ऐनको सुविधा उपयोग गर्ने मनसाय देखिन्छ । अतः नियमित गर्नुपर्ने कामका लागि समेत पालिका तथा वडाका पदाधिकारीहरुले उक्त कामहरुलाई एजेण्डा बनाई बैठक भत्ता लिने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४० **वितरणमुखी खर्च** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वियन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी बितरणमुखी कार्यक्रममा खर्च गर्ने गरेको देखियो । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।केही उदाहरणहरु निम्नानुसार छन् ।

भौचर नं. र मिति	विवरण	रकम
३७५।२०८२।०१।०८	वडा नं २ मा फुटवल १५ थान, फुटवल ग्लोब्स २ थान, खेलाडी मोजा ३५ थानलगायतका खेलकुद सामाग्री वितरण	९६१५६
४४६।२०८२।०१।२६	वडा नं ९ मा विभिन्न खेलकुद सामाग्री वितरण	३९१५१
६६६।२०८२।०३।२३	वडा नं १ मा खेलकुद सामाग्री वितरण	४९२६८
६८९।२०८२।०३।२४	सबै विद्यालयहरुमा खेलकुद सामाग्री वितरण	२७५२६८
७२२।२०८२।०३।२५	नेपाल मानव धर्म सेवा समिति हरिपुर-४ लाई एम्प्लिफायर, माईक हौरन, युनिट सेट लगायतका सामाग्री वितरण	४३३९२
७२५।२०८२।०३।२५	वडा नं ४ मा लक्षित वर्गहरुलाई ४९० थान झुल वितरण	१९४९०२
६७६।२०८२।०३।२३	विद्यालय पढ्ने मुसहर बालबालिकालाई ब्याग र जुत्ता वितरण	४३२५७

४१ **सूचना प्रकाशन** -

४१.१ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** - स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र ५ लाख सम्मको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायीसँग तोकिएको सीमा भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा रु.१३०७०१९।० खर्च गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु. ९८ लाख ७० हजारको तुलनामा १३.२४ प्रतिशत रहेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरीनुपर्दछ ।पालिकाले भुक्तानी दिएका अधिकांश पत्रपत्रिकाले सूचना प्रकाशनको स्पेशिफिकेशन नखुलाइ एकमुष्ट बील जारी गरी भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी दिदा प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द,रंगीन वा श्यामश्वेत र सीसी तथा छुट सुविधा जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान दिनुपर्दछ । साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानुन बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामुलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज,SMS लगायतका सामाजिक सञ्चालहरुबाट सम्प्रेषण गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

४१.२ **सूचना प्रकाशनमा छुट** - विज्ञापन नियमन गर्ने नियमावली,२०७७ को नियम ६(क) को उप नियम २ मा सरकारी निकायले भुक्तानी गर्दा संचार माध्यमवाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो संचार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ (ग) को उपनियम ३ बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए संचारमाध्यमले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सिले जारी गरेको बिल बमोजिम नियम ५ (ख)को दररेटको आधारमा गर्नुपर्नेछ भन्ने ब्यबस्था रहेको छ । साथै विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ (ख) र विज्ञापन नियमन गर्ने नियमावली (

संशोधन सहितको) २०७७ को नियम छ (क) को उपनियम (३) मा संचार माध्याम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नु अघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिमको रकम कट्टा गर्नुपर्ने र उपदफा (४) मा नियमावलीको उप नियम (३) बमोजिम कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गर्नु पर्ने छ भन्ने ब्यवस्था रहेको छ तर पालिकावाट बिभिन्न किसिमका सूचना तथा विज्ञापन प्रकाशन गर्दा विभिन्न संचारमाध्यम तथा पत्रिका मार्फत सरकारी निकाय राष्ट्रिय स्तरका दैनिक पत्रिकाले प्रकाशन गरेको दररेट र तोकिएको दरमा पनि छुट दिने दर २५ प्रतिशत भन्दा पनि कम देखियो।यसरी विज्ञापन वा सूचना प्रशारण गर्दा एजेन्सीको सेवाशुल्क खुलाउने र तोकिएको दरमा अधिकतम छुट समेत गरी भुक्तानी दिने लिने गरेको देखिएन।विज्ञापन तथा सूचना प्रकाशन गर्दा राष्ट्रिय स्तरको पत्रपत्रिकामा सुचना प्रकाशन गरी अधिकतम छुट लिने व्यवस्था मिलाउनुपर्दछ ।नियमको पालना गरेर मात्र विज्ञापन गराउनु पर्ने, र नियमावलीको उप नियम (३) बमोजिम कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गर्नुपर्ने देखिन्छ । केही उदाहरण निम्नानुसार छन् ।

गो.भौ.नं.	**पत्रिका/एजेन्सीको नाम**	**विवरण**	**भुक्तानी रकम**	**छुट**
२१९ । २०८१ । ११ । १८	सर्लाही संचार केन्द्र	सूची दर्ता सम्बन्धी सूचना	३००००	नलिएको
२२० । २०८१ । ११ । १८	सर्लाही संचार केन्द्र	चेतनामूलक सूचना प्रकाशन	२००००	नलिएको
२२४ । २०८१ । ११ । २०	क्रियटिभ मिडिया सेन्टर	बोलपत्र आह्वान सम्बन्धी सूचना अन्नपुर्ण पोष्टमा प्रकाशन	७६८२६	१५ प्रतिशत
२३२ । २०८१ । ११ । २९	निगरानी टुडे	पोषण योजना र सामाजिक सुरक्षा सम्बन्धी सूचना प्रकाशन	४००००	नलिएको
२८५ । २०८१ । ११ । २९	श्री राष्ट्रिय लोकतन्त्र दैनिक	फोहरमैला व्यवस्थापन, अपाङ्गताका आधारमा भेदभाव नगर्ने सूचना, स्तनपान, वायुप्रदुषणका असरहरु लगायतका सूचना प्रकाशन	११३०००	२० प्रतिशत

४२ **मोबाईल खरिद** -

प्रचलित कानुनमा पालिकाका पदाधिकारी तथा कर्मचारीलाई मोवाइल उपलब्ध गराउने व्यवस्था रहेको देखिदैन । पालिकाले अन्य कार्यालय संचालन खर्च शीर्षक गो.भौ.नं. ४६८।२०८२।०२।०८ बाट उपप्रमुखको लागि रु ४५९९९।० को Samsung A२६ ५G (८/२५६ GB)मोबाइल खरिद गरेको देखियो । उक्त मोबाईल के कति प्रयोजनका लागि खरिद गरिएको हो सो खुलाई प्रयोग कर्तालाई PAMS V2 मार्फत मालसामान बुझाएको देखिएन । कानुनमा उल्लेख नभएको व्यक्तिगत सुविधा सम्बन्धी सामान खरिद गरेको सम्बन्धमा उचित देखिएन।अतः यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४३ **बढी भुक्तानी** -

५८२।२०८२।०३।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक प्रस्तावना माग गरी युवा क्षमता विकास तथा लागु पदार्थ दुर्व्यसनी विरुद्धको जनचेतनामूलक कार्यक्रम बापत मनकामना सामुदायिक सञ्चार (पान नं. ६१८८७६२१७) लाई BOQ र सम्झौता अनुसार रु. ९२०८०।० भुक्तानी गर्नुपर्नेमा रु. ९५१००।० भुक्तानी भई रु. ३०२०।० बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,०२०

४४ **सोझै खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसमान र रु.५ लाख सम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट निर्धारित सीमा भन्दा बढीको मालसामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष पालिका चालुतर्फ पालिका तथा वडाहरुको लागि सोझै खरिदको माध्यमबाट मसलन्द तथा कार्यालय सामग्री र अन्य कार्यालय संचालन खर्च लगायत विभिन्न शीर्षकरुबाट मसलन्द तथा कार्यालय सामग्रीहरुको खरिदमा रु.२८ लाख २५ हजार खर्च लेखेको छ ।उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तवरले खरिद गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा पारी सोझै खरिद गरेको छ ।अतः पालिकाले एउटै प्रकृतिको खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तथा प्रतिस्पर्धी तरिकाले खरिद गर्नुपर्दछ । सोझै खरिदका केहि उदाहरण निम्नानुसार रहेका छन ।

गो.भौ.नं र मिति	भुक्तानी पाउने	रकम	कैफियत
३६२।२०८१।१२।२६	सञ्जय अफसेट प्रेस र सञ्जय पुस्तक भण्डार	९६०५०	मसलन्द तथा कार्यालय सञ्चालन सामाग्री
३६४।२०८१।१२।२७	संजय जेनरल सप्लायर्स	९८२१०२	मसलन्द तथा कार्यालय सञ्चालन सामाग्री
७०१।२०८२।०३।२४	रियोन कम्प्युटर सेन्टर	५०००००	सुचना प्रविधी सम्बन्धी सामाग्री
६८९।२०८२।०३।२४	सचिन जेनरल स्टोर सप्लायर्स	२७५२६८	खेलकुद सामाग्री
६७७।२०८२।०३।२३	भेराईटी ट्रेड लिङ्क	६०००००	फर्निचर सामाग्री

४५ **सीप विकास तालिम -**

पालिकाले कार्यस्थलमा आधारित सीप,क्षमता विकास तालिम संचालन गर्नको लागि २०८१।११।४ को चियोचर्चो राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेको पाइयो ।उक्त सूचना प्रकाशन गर्दा अंग्रेजी भाषामा प्रकाशन गरेको, कार्यस्थमा आधारित सीप विकास तालिम भनी स्पष्ट रुपमा नेपालीमा उल्लेख गर्नु पर्नेमा HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING भनी उल्लेख गरेकोले स्पष्ट रुपमा वुझ्न पनि नसकिने भएकोले उक्त सूचना सरोकारवाला पक्षसंग पुग्न कठिन भएको वुझ्न सकिन्छ।उक्त सूचनावाट लर्ड वुद्ध सीप विकास तालिम केन्द्र प्रा लि लालवन्दीले कोटेशन दर्ता गराइ रु ४५८५५४ मा तालिम सम्पन्न गर्न २०८१। १२।२६ मा कार्यादेश दिएको देखिन्छ।तसर्थ सूचना प्रकाशित गर्दा तालिमको उद्देश्य सहित स्पष्ट वुझिने गरी प्रचलित राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्दछ।

४६ **शीर्षक फरक पारी खर्च -**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को (दोश्रो परिमार्जन) अनुसार सरकारी खर्च गर्दा सम्बन्धित खर्च शिर्षकबाट भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहाय बमोजिमको शीर्षकबाट देहायबमोजिम खर्च लेखेको छ । सम्बन्धित खर्च शीर्षकबाट भुक्तानी नगरी शीर्षक परिवर्तन गरी भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

क्र.सं.	गो.भौ.नं. मिति	खर्च हुनुपर्ने शीर्षक	भएको खर्चशीर्षक	रकम रु.
१	५३२।२०८२।०३।०३	गढीमाई मेला व्यवस्थापन कार्य (विविध कार्यक्रम खर्च)	उद्धार, राहत तथा पुनर्स्थापना खर्च	१०००००
२	६०८।२०८२।०३।१८	खेलकुद कार्यक्रम सञ्चालन (विविध कार्यक्रम खर्च)	उद्धार, राहत तथा पुनर्स्थापना खर्च	१००००
			जम्मा	११००००

अनियमित भएको	१,१०,०००

४७ **सफ्टवेयर खरिद तथा सञ्चालन -**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकासँग विगत ५ वर्षमा खरिद गरेका सफ्टवेयरहरुको विवरण माग गरेको पालिकाले पेश गरेको सफ्टवेयरको विवरण तपशिल बमोजिम रहेको छ । साथै पालिकाले निर्देशिकाले तोकेबमोजिम नियम पालना गरी सफ्टवेयर खरिद, संचालन र व्यवस्थापन गर्नुपर्दछ ।

सफ्टवेयरको नाम	खरिद रकम (भ्याट समेत)	खरिद बर्ष	संचालनमा आए/ नआएको	सूचना प्रविधि विभागबाट स्वीकृत लिए/ नलिएको
कर संकलन प्रणाली	२९८३२०	२०७६।०७७	सञ्चालनमा रहेको	नलिएको
न्यायिक समिति मेलमिलाप व्यवस्थापन प्रणाली	४८०२५०	२०७९।०८०	सञ्चालनमा रहेको	नलिएको
ईलेक्ट्रोनिक घर नक्सापास व्यवस्थापन प्रणाली	४८६४६५	२०८१।०८२	सञ्चालनमा रहेको	नलिएको
अस्पताल व्यवस्थापन प्रणाली	४८२५१०	२०८१।०८२	सञ्चालनमा रहेको	नलिएको

४८ **गैरसरकारी संस्था मार्फत खरिद** -

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलिकरण, मूलप्रवाहीकरण, जस्ता कार्य छिटोछरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष पालिका चालुतर्फ विभिन्न गैरसरकारी संस्थाहरु लगायतका अन्य संस्थाहरुबाट रु. ३५ लाख ३० हजारको विभिन्न कार्यक्रम संचालन गरेको छ ।यसरी संचालन भएका कार्यक्रमहरुको प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा मूल्याकंन गरी सोको प्रभावकारीता, कार्यक्रमको उद्धेश्य प्राप्त भए/ नभएको सम्बन्धमा प्रतिवेदन समेत पेश गरेको देखिएन ।पालिकाले संचालित कार्यक्रमहरुको प्रभावकारीता तथा उपलब्धि सम्बन्धमा समीक्षा नगरी वर्षेनी एकै प्रकृतिका कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च गर्दा यस्तो खर्चको उपादेयता नहुने हुँदा कार्यक्रम संचालन हुनु भन्दा अगाडिको समाजको आर्थिक, सामाजिक लगायतका विविध पक्षको अवस्था र कार्यक्रम संचालन भईसकेपछि त्यसले समाजमा पारेको प्रभावका सम्बन्धमा समीक्षा, अनुगमन तथा मूल्यांकन गरी कार्यक्रमहरुलाई निरन्तरता दिने वा पुनरावलोकन गरी कार्यक्रमहरु परिमार्जन गर्ने भन्ने पक्षको टुङ्गो लगाउनु पर्दछ ।साथै पालिकाले यस वर्ष उही प्रकृतिका कार्यक्रमहरु पालिकातर्फ र वडा तर्फबाट समेत बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकोले कार्यक्रमहरुको दोहोरोपना नभएको सुनिश्चित गरी कार्यक्रम संचालन गर्नुपर्दछ । संचालन भएका कार्यक्रमहरुका केही उदाहरण निम्नानुसार रहेका छन्।

गो.भौ.नं र मिति	भुक्तानी पाउने	रकम	कैफियत
३०८।२०८१।१२।११	मुनाल सामुदायिक संस्था	२८८७५०	वडा नं १, ३ र ८ मा सुरक्षित बैदेशिक रोजगार कार्यक्रम सञ्चालन
३३९।२०८१।१२।२१	श्री गढीमाई नाट्य कला केन्द्र	९५१४६	बालविवाह दाईजो प्रथा तथा महिला हिँसा बिरुद्धको जनचेतनामूलक सडक नाटक कार्यक्रम
४८३।२०८२।०२।१२	श्री शुभारम्भ तालिम तथा परामर्श सेवा प्रालि	९७४६३	बालविवाह बिरुद्ध सचेतना कार्यक्रम
४९१।२०८२।०२।१९	मुनाल सामुदायिक संस्था	९५१००	लागुपदार्थ दुर्व्यसनी सम्बन्धी गोष्ठी
५१४।२०८२।०२।२९	सामुदायिक विकास समाज	२८७०२०	लघु उद्यम अन्तर्गत बेमौसमी तरकारी खेती तालिम कार्यक्रम
५८२।२०८२।०३।१५	मनकामना सामुदायिक सञ्चार संस्था	९५१००	युवा क्षमता विकास तथा लागु पदार्थ दुर्व्यसनी विरुद्धको जनचेतनामूलक कार्यक्रम
६५८।२०८२।०३।२३	वर्क प्लान नेपाल	४७७०१५	लोकसेवा कक्षा सञ्चालन
६९३।२०८२।०३।२४	सामुदायिक एकता सञ्चार सञ्जाल	१९५०००	वडा नं १ र २ मा किशोर किशोरीहरुलाई कुलत तथा दुर्व्यसनी विरुद्धको कार्यक्रम
६९४।२०८२।०३।२४	हातेमालो	१४१०८०	वडा नं ४ मा बालविवाह न्यूनीकरण र सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी तालिम
७१३।२०८२।०३।२५	कुशल व्यवसाय परामर्श तथा तालिम केन्द्र	४८७४८५	युवा लक्षित प्लम्बर तालिम
७२०।२०८२।०३।२५	ग्रामिण विकास संस्था	२८७९००	बाल अधिकार तथा किशोर किशोरी संरक्षण कार्यक्रम

४९ **प्रमाण पेश गर्नुपर्ने -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम् ११५ अनुसार मालसमान तथा उपकरणको निरीक्षण एवं परीक्षण गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको भुक्तानी कैफियतमा उल्लिखित केहि प्रमाण कागजात बेगर रु. ४१६२००० भुक्तानी दिएको देखियो। अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा भुक्तानी दिनुपर्दछ।

क्र.सं.	भौ.नं.र मिति	नाम	विवरण	खर्च रु.	कैफियत
१.	५।०८१।७।११ र ८।०८१।७।११	गँहुको बिउ	गँहुको बिउ खरिद तथा वितरण कार्यक्रम	३१६२०००	वितरण कार्यक्रमको सूचक सहितको अनुगमन प्रतिवेदन पेश गरेको पाइएन।
२.	८०।०८२।१।३१	श्री जनता मा.वि., हरैया	ल्याब व्यवस्थापन कार्य	१००००००	प्रयोगशाला स्थापना भएको सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
जम्मा				**४१६२०००**	

५० **लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिम खरिद गरे बापत रु. ३८०५३२० भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार गरेको देखिएन । लागत अनुमान बेगरको खरिद कार्य मितव्ययी तथा पारदर्शी हुँदैन। तसर्थ, लागत अनुमान बिना भुक्तानी भएको लागत यकीन गर्न सकिएन।

क्र.सं.	भौ.नं.र मिति	विवरण	भुक्तानी रु.	कैफियत
१.	४३।०८१।१२।२६	वडाका लागि डेस्कटप लगायत इलेक्ट्रोनिक्स सामग्री खरिद (शंकर ट्रेडर्स)	७४८४७८	
२.	६३।०८२।१।१५	विद्यालयका लागि विद्युतीय हाजिरी खरिद तथा सञ्चालन (सफ्टेक इन्फरमेशन प्रा.लि.)	७२८००२	अनलाइनमा आधारित लागत अनुमान
३.	१६६।०८२।३।१७	नगरभरी सि.सि.क्यामेरा जडान (क्यास्टल इन्टरप्राइजेज)	९७३३२५	अनलाइनमा आधारित लागत अनुमान
४.	२०२।०८२।३।२३	विद्यालयहरुमा स्मार्ट टि.भि. खरिद (बडाल ब्रदर्श)	३७७५००	अनलाइनमा आधारित लागत अनुमान
५.	२२०।०८२।३।२४	डेस्कटप ल्यापटप समेतका सामग्री खरिद (तैशेरा इन्टरप्राइजेज)	९७८०१५	अनलाइनमा आधारित लागत अनुमान
जम्मा			**३८०५३२०**	

५१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की लिने सरकारी कर्मचारी वा पदाधिकारीले म्यादभित्र पेश्की फस्यौंट गर्नुपर्नेमा यसवर्ष निम्न ठेकेदार वा संस्थाले तोकिएको कामको लागि पेश्की लिई फस्यौंट नगरेकोले फस्यौंट गर्नुपर्ने रु.

सि.नं.	पेश्की लिनेको नाम	पद/ ठेगाना	प्रयोजन	रकम रु.	अन्तिम म्याद
म्याद नाघेको पेश्की					
१	शर्मा। धुलिखेल जे.भी.		अस्पताल निर्माण	१००९०११	२०८२।६।९
२	विकास। राजा। जे.भी.		विद्यालय भवन	१८८७४६०	२०८२।३।१६
३	वडा नं. ५ को मजुर्वा जाने सडक कालोपत्रे निर्माण उ.स.		सडक निर्माण	५०००००	
जम्मा				**३३९६४७१**	

पेश्की	३३,९६,४७१

५२ **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि हुनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनी उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अवधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि भएको रु.४६६०००० को कार्य सम्पादन जमानत पेश गर्नुपर्दछ।

ठे.नं.	योजनाको नाम	फर्म	कार्य सम्पादन जमानतको विवरण	अवधि भएको	हुनुपर्ने अवधि	रकम रु.
सशर्त चालु						
SQ।२।०८१।८२	स्यानिटरी प्याड खरिद	ए.जी.हेल्थ इण्डष्ट्रीज प्रा.लि.	१ महिना ८ दिनको घटी कार्य सम्पादन जमानतको म्याद	२०८३।३।८	२०८३।४।१६	६००००
सशर्त पूँजीगत						
०१।०८१।८२	श्री जनता आ.वि. २ मा भवन निर्माण	विकास। राजा। जे.भी.	६ महिना १४ दिनको घटी कार्य सम्पादन जमानतको म्याद	२०८३।४।२०	२०८३।११।४	३१०००००
सशर्त चालु						
SQ।१।०८१।८२	औषधि खरिद	मुक्तिनाथ मेडिको फर्मा	४ महिना २२ दिनको घटी कार्य सम्पादन जमानतको म्याद	२०८३।०५।०९	२०८३।०९।३१	१५०००००
जम्मा						**४६६००००**

५३ **कार्य सम्पन्न नभएका –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण कार्य सम्झौताको म्यादभित्र सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारका योजनाको कार्य सम्पन्न गर्नुपर्नेमा बिभिन्न कारणहरु देखाई हालसम्म उक्त कार्य सञ्चालनमा नरहेको, सोको म्याद थप नभएको तथा लेखापरीक्षण अवधिसम्म ती योजनाको कार्य सम्पन्न प्रतिवेदन पेश नभएको हुँदा उक्त कार्य ढिलो भएकोले सम्झौता तथा खरिद ऐन, नियमावली बमोजिम आवश्यक कारवाही गरी समयमा पालिकाले कार्य सम्पन्न गराउनु पर्दछ।

ठे.नं.	विवरण	सम्झौता रु. भ्याट सहित	सम्पन्न गर्नुपर्ने मिति	हालसम्मको भुक्तानी रु.	ढिलो भएको अवधि
२।०७८।०७९	१५ सैय्या अस्पताल निर्माण (शर्मा। धुलिखेल जे.भी.)	१९७७८८५९३	२०८२।६।९	१४५०५८११७	३ महिना

५४ **भौतिक संरचनाको प्रगति –** ठेक्का सम्झौताको विशेष व्यवस्था अनुसार ठेकेदारले पेश गरेको समय कार्यतालिका लिई निर्माण कार्य पालिकाले समयमा सम्पन्न गराउनु पर्दछ। निर्माण कार्य समयमा सम्पन्न गर्न भौतिक तथा वित्तीय प्रगति सोही अनुपातमा बृद्धि गर्दै जानुपर्दछ। पालिकाले यसरी देहायका खरिद सम्झौता भएका निर्माण कार्यका लागि ती व्यवस्थाहरुको कार्यान्वयन नगरेको कारण उक्त निर्माण कार्य समयमा सम्पन्न हुने अवस्था देखिंदैन। तसर्थ, यस्ता कार्यको प्रभावकारिता अभिवृद्धि गरी निर्माण कार्यलाई पालिकाले समयमा सम्पन्न नगराउनु उचित देखिएन।

क्र.सं.	विवरण	ठेकेदारको नाम	सम्झौता रकम भ्याट सहित रु.	खर्च रु.	वित्तीय प्रगति %	भौतिक प्रगति %	सम्पन्न गर्नुपर्ने म्याद
१	१५ सैय्या अस्पताल निर्माण (२।०७८।०७९)	शर्मा। धुलिखेल जे.भी.	१९७७८८५९३	१४५०५८११७	७३.३४	७४	२०८२। ६।९
२	श्री जनता आ.वि. २ मा भवन निर्माण (०१।०८१।८२)	विकास। राजा। जे.भी.	११८२२६७३	२३३५९८१	१९.७६	२०	२०८२। ९।२९

५५ **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार कार्यको लागि प्राविधिक कार्यसम्पन्न प्रतिवेदन तयार नगरी सो वापत खर्च लेखेको रु. ७७०८८४६ को पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मूल्याङ्कन पेश हुनुपर्दछ।

भौ.नं.र मिति	विवरण	भुक्तानी रु.	कैफियत
६४।०८२।१।१६ र ४०७।०८२।१।१६	सि.सि.क्यामेरा समेत खरिद तथा जडान (राईशा इन्टरप्राइजेज)	८०५९४४	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
८६।०८२।२।५	मलिनिया कृषि बाटोमा विद्युतीकरणको कार्य (नेपाल विद्युत प्राधिकरण)	४९८८२०	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
१२२।०८२।३।१	कृषकहरुको विद्युत पोल व्यवस्थापन (नेपाल विद्युत प्राधिकरण)	४९९६०२	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
१४८।०८२।३।१०	बिजुली पोल तार जडान कार्य (नेपाल विद्युत प्राधिकरण)	४९९६०६	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
१६६।०८२।३।१७	नगरभरी सि.सि.क्यामेरा जडान (क्यास्टल इन्टरप्राइजेज)	९७३३२५	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२००।०८२।३।२३	हनुमान चोकदेखि पूर्व सडकमा रहेको पोल तार जडान कार्य १ (नेपाल विद्युत प्राधिकरण)	१९९८६३	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२०२।०८२।३।२३	विद्यालयहरुमा स्मार्ट टि.भि. खरिद तथा जडान कार्य (बडाल ब्रदर्श)	३७७५००	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२४६।०८२।३।२५	वडा नं. १ मा कृषि विद्युतीकरणको कार्य (जय बाबा गोबिन्द कन्स्ट्रक्सन)	४६५४५८	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२५४।०८२।३।२५	वडा कार्यालय भवन निर्माण उ.स.५	१३४२४६१	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२८९।०८२।३।२५	वडा कार्यालय भवन निर्माण उ.स.३	२०४६२६७	प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
जम्मा		**७७०८८४६**	

५६ **कार्य सम्पन्न प्रतिवेदन**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार कार्यको लागि नापी किताब तथा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार नगरी सो वापत खर्च लेखेको रु. १५१४४२२२ को पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

भौ.नं.र मिति	विवरण	भुक्तानी रु.	कैफियत
सशर्त पूँजीगत			
२०।०८२। १।२५	श्री महावीर जनता मा.वि.(नमूना विद्यालय निकासा)	२०७२४३०	नापी किताब लगायत प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२७।०८२। ३।२३	श्री महावीर जनता मा.वि.(नमूना विद्यालय निकासा)	७५७१७९२	नापी किताब लगायत प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२८।०८२। ३।२४	श्री रामलगन मा.वि. (२ तले ४ कोठे भवन निर्माण शौचालय सहित)	५५०००००	नापी किताब लगायत प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
जम्मा		**१५१४४२२२**	

प्रमाण पेश नगरेको	१,५१,४४,२२२

५७ **क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति (दैनिक०.०५ प्रतिशतको दरले सम्झौता रकमको)लिनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको आपूर्तिकर्तासँग सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था भए बमोजिम हुनेगरी बिभिन्न सामग्री आपूर्ति गर्ने गरी खरिद सम्झौता गरेकोमा आपूर्तिकर्ताले सम्झौता अवधिभित्र सामग्री आपूर्ति गरेको देखिदैंन। यसर्थ, देहाय अनुसार रु. ३५३३५ सम्बन्धितबाट क्षतिपूर्ति असूल गर्नुपर्ने देखिएको रु.

भौ.नं. र मिति	विवरण	आपूर्तिकर्ता	सम्झौता रु.	सम्झौता अवधि	ढिला आपूर्ति अवधि	क्षतिपूर्ति रु.
६३।०८२।१। १५	विद्यालयका लागि विद्युतीय हाजिरी खरिद तथा सञ्चालन	सफ्टेक इन्फरमेशन प्रा.लि.	७२८००२	२०८१। ११।२८ देखि ऐ. १५ दिनभित्र	२३ दिन	७४०९
६४।०८२।१। १६ र ४०७। ०८२।१।१६	सि.सि.क्यामेरा समेत खरिद तथा जडान	राईशा इन्टरप्राइजेज	८०५९४४	२०८१। १२।३ देखि ऐ. १० गतेभित्र	२३ दिन	८२०२
१६५।०८२।३। १७	स्वास्थ्य संस्थाहरुका लागि अनलाइन सफ्टवेयर जडान	एस.भि.टेक एण्ड ट्रेड प्रा.लि.	४८२५१०	२०८२।१। १५ देखि ऐ. ३५ दिनभित्र	१८ दिन	३८४३
२३८।०८२।३। २५	हरैया डिहवार्नी पोखरीको सौन्दर्यीकरणका लागि डि.पि.आर. तयार गर्ने कार्य	एस.वि.एस. एसोसिएट्स प्रा.लि.	४८०२५०	२०८२।१। ७ देखि ऐ. ३० दिनभित्र	३७	७८६३
२३९।०८२।३। २५	प्रशासकीय भवनको डि.पि.आर.	प्रनिश डिजाइन एण्ड बिल्ट प्रा.लि.	४७६८६०	२०८२।१। १६ देखि ऐ. ३० दिनभित्र	३८	८०१८
जम्मा						**३५३३५**

असुल गर्नुपर्ने	३५,३३५

५८ **उपभोक्ता समितिले बीमा नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु. २० लाख वा सो भन्दा बढीको लागत अनुमान भएको वा कार्य गराउँदा जनशक्ति, सामग्री तथा अन्य विवरण उल्लेख गरी बीमा गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट गरेपनि बीमा गरेको पाइएन। अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ।

क्र.सं.	**उपभोक्ता समितिको नाम**	**लागत अनुमान रु.**	**भुक्तानी रु.**
१.	भविछ्न घरदेखि राजमार्गसम्म सडक ढलान उ.स. ३	२०५४१७०	१८३६०८२
२.	सामूदायिक भवन निर्माण उ.स. जगतपुर	२१५६२३५	१९३७११७
३.	वडा नं. ७ ट्रान्सफर्मर चोकपूर्व पचगछिया मेनरोडमा आर.सि.सि.सडक ढलान उ.स. ७	२१५५९१०	१९३४१४३
४.	चिताइन बाँध निमार्ण उ.स.	२१६३५५२	८७२१९२
५.	गढीमाई मन्दिर व्यवस्थापन उ.स.२	३२३४५२६	१४७९५४०
६.	वडा कार्यालय भवन निर्माण उ.स.५	३७९१९७०	१३४२४६१
७.	हरिपुर १ देखि बरहथवा १६ गंगापुरसम्म बाटो स्तरोउन्ती उ.स.	३३०८९५४	२८९३११२
८.	स्वास्थ्य ईकाई केन्द्रको भवन निर्माण उ.स. १	२६९६१९८	२४२२४०२
९.	वडा नं. ७ र ५ को सिमानामा रहेको मलहिनिया चौरीमा डिप बोरिङ्ग तथा पोल जडान उ.स.	३८६०८४९	३४६५०००
१०.	वडा नं. ४ मा रहेको रजवा चौरीमा डिप बोरिङ्ग तथा पोल जडान उ.स.	३३११८४२	२९७००००
११.	वडा नं. ३ फरहदवा र इदगाह नजिकको चौरीमा डिप बोरिङ्ग तथा पोल जडान उ.स.	३३१८८२७	२९७००००
१२.	इन्द्रपुर र जगतपुर सडक मर्मत हरिपुर ८ उ.स.	२४९९५४४	२११५५३४

५९ **जटिल संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, मन्दिर तथा बोरिङ्ग जडान लगायतका रु. २४४७५७३७ को जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। अतः नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ।

भौ.नं.र मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रु.
पालिका पूँजीगत			
७७।०८२।१।२८	सामूदायिक भवन निर्माण उ.स. जगतपुर	भवन निर्माण	१९३७११७
१३१।०८२।३।५	वडा नं. ७ ट्रान्सफर्मर चोकपूर्व पचगछिया मेनरोडमा आर.सि.सि.सडक ढलान उ.स.७	आर.सि.सि.ढलान	१९३४१४३
२३१।०८२।३।२५	चिताइन बाँध निमार्ण उ.स.	बाँध निर्माण	८७२१९२
२४४।०८२।३।२५	गढीमाई मन्दिर व्यवस्थापन उ.स.२	मन्दिर निर्माण	१४७९५४०
२५४।०८२।३।२५	वडा कार्यालय भवन निर्माण उ.स.५	भवन निर्माण	१३४२४६१
२८३।०८२।३।२५	चिताइनमा कभर्ड हल निमर्ण उ.स.७	कभर्ड हल निर्माण	३०३६६१५
२८९।०८२।३।२५	वडा कार्यालय भवन निर्माण उ.स.३	भवन निर्माण	२०४६२६७
सशर्त पूँजीगत			
२९।०८२।३।२४	स्वास्थ्य ईकाई केन्द्रको भवन निर्माण उ.स.१	भवन निर्माण	२४२२४०२
प्रदेश पूँजीगत			
३।०८२।३।२५	वडा नं. ७ र ५ को सिमानामा रहेको मलहिनिया चौरीमा डिप बोरिङ्ग तथा पोल जडान उ.स.	डिप बोरिङ्ग तथा पोल जडान	३४६५०००
४।०८२।३।२५	वडा नं.४ मा रहेको रजवा चौरीमा डिप बोरिङ्ग तथा पोल जडान उ.स.	डिप बोरिङ्ग तथा पोल जडान	२९७००००
५।०८२।३।२५	वडा नं. ३ फरहदवा र इदगाह नजिकको चौरीमा डिप बोरिङ्ग तथा पोल जडान उ.स.	डिप बोरिङ्ग तथा पोल जडान	२९७००००
जम्मा			**२४४७५७३७**

६० **भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको कार्यमा वितरण वा हस्तान्तरण गरेको भरपाई पेश नभएको रु. २९९७२५६ को भरपाईको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

क्र.सं.	भौ.नं.र मिति	विवरण	रकम रु.	कैफियत
पालिका पूँजीगत				
१.	१७। ०८१। ११।२१	५१ वटा मध्ये २७ वटा ह्युमपाइप वडा नं. १ देखि ९ सम्म जडानका लागि खरिद तथा वितरण	४५६७७६	ह्युमपाइप वडाहरुमा जडान भएको विवरण प्राप्त भएको पाइएन।
२.	४३। ०८१। १२।२६	वडाका लागि डेस्कटप लगायत इलेक्ट्रोनिक्स सामग्री खरिद	७४८४७८	हस्तान्तरण फाराम पेश भएको पाइएन।
३.	६३। ०८२। १।१५	विद्यालयका लागि विद्युतीय हाजिरी खरिद तथा सञ्चालन (१५ थान डिभाइस)	७२८००२	हस्तान्तरण फाराम पेश भएको पाइएन।
सशर्त चालु				
४.	३१०। ०८२। ३।२२	औषधि खरिद (चिराग फार्मेसी प्रा.लि.)	१०६४०००	हस्तान्तरण फाराम पेश भएको पाइएन।
जम्मा			**२९९७२५६**	

प्रमाण पेश नगरेको	२९,९७,२५६

६१ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले आर्थिक बर्ष २०८१।८२ मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका सामग्रीलाई पाम्समा स्पेशिफिकेशन सहित रु. २५२७६७७को जिन्सी दाखिला गरेको पाइएन। अतः पालिकाले जिन्सी दाखिला गर्दा पाम्समा पूर्ण स्पेशिफिकेशन सहितको जिन्सी दाखिला गर्नुपर्दछ।

भौ.नं.र मिति	विवरण	भुक्तानी रु.	कैफियत
पालिका पूँजीगत			
२०२।०८२।३।२३	विद्यालयहरुमा स्मार्ट टि.भि. खरिद	३७७५००	बडाल ब्रदर्श
२२०।०८२।३।२४	डेस्कटप ल्यापटप समेतका सामग्री खरिद	९७८०१५	तैशेरा इन्टरप्राइजेज
सशर्त चालु			
३२८।०८२।३।२४	स्यानिटरी प्याड खरिद	११७२१६२	ए.जी.हेल्थ इण्डष्ट्रीज प्रा.लि.
जम्मा		**२५२७६७७**	

६२ **जिन्सी दाखिला नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसार खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका सामग्री रु. ६४६१५९ को जिन्सी दाखिला नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

भौ.नं.र मिति	विवरण	भुक्तानी रु.	कैफियत
३८।०८१।१२।१९	बेरुजुको लगत तयार तथा एक्सल फायलमा अफलाइन इन्टरलिङ्ग प्रतिवेदन प्रणाली कार्य	४८९२९०	आभाष एण्ड भवानी कन्सल्टेन्ट प्रा.लि.
२०९।०८२।३।२४	विद्यालयका लागि शैक्षिक तथा खेलकुद सामग्री स्कूल ड्रेस	१५६८६९	गरिब नवाज स्कूल ड्रेस टाई बेल्ट उद्योग
जम्मा		६४६१५९	

प्रमाण पेश नगरेको	६,४६,१५९

६३ (३२८-2082-03-24):

स्यानिटरी प्याड – सशर्त चालु, ठे.नं. SQ।०२।०८१।८२, स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को नियम ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै नियम ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुका लागि पालिकाले सशर्त अनुदानबाट ३२४१६ थान स्यानिटरी प्याड रु. ३६.१६ (मु.अ.कर समेत) रु. ११७२१६२ को ए.जी.हेल्थ इण्डष्ट्रीज प्रा.लि.बाट खरिद गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्न छनः

- स्थानीय बजारबाट ३ वटा कोटेशन लिई न्युनतम दरलाई आधार मानी स्यानिटरी प्याडकोमूल्य ईकाई दर रु. ४० भ्याट सहितलाई लागत अनुमान मानेको देखिन्छ,
- कार्यविधि अनुसार कक्षा ६ देखि १२ सम्म पालिकाको विद्यालयमा रहेका जम्मा छात्रा संख्या २०२६ जनालाई बर्षभरीलाई चाहिने प्याड संख्या ४०५२० मध्ये ३२४१६ खरिद गरी ८१०४ प्याड नपुग देखिन्छ,
- गत विगतको खपतलाई आधार मानी समयमै कार्यविधि अनुसार छात्रा संख्या यकीन गरी उचित परिमाणमा प्याड खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको छ,
- उक्त प्याड पालिकाका बिभिन्न विद्यालयलाई ३२४१६ थान हस्तान्तरण गरेकोमा गत आ.व.को मौज्दात समेतको विवरण खुलाएको देखिएन,
- पालिकाले छात्राहरुको यकिन तथ्याङ्क अध्यावधिक नगरी विगतका स्यानेटरी प्याडको अवस्था समेत अनुगमन गरी यकिन गरेको देखिएन,
- विद्यालयले स्यानिटरी प्याडको अवस्था स्यानिटरी व्यवस्थापनका कार्यमा भएका कार्यको अनुगमन प्रतिवेदन पालिकामा पठाउनु पर्नेमा पठाएको देखिएन,
- विद्यालयले स्यानिटरी प्याड छात्राहरुलाई वितरण गरी सोको भरपाई पेश गरेको पाइएन,

तसर्थ, वितरण गरिएका प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि प्रयोग गरेको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन नगरेकोले प्याड सदुपयोग र उपलब्धताको सुनिश्चितताको लागि पालिकाले उपमेयर रहेको अनुगमन समिति मार्फत् अनुगमन गराई प्रतिवेदन पेश तथा सत्यापन गरेर छात्राको संख्या एकिन गरेर मात्र विद्यालयलाई स्यानिटरी प्याड वितरण गरेको देखिएन।

६४ **औषधि खरिद -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहलाई आधारभूत स्वास्थ्य व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधि वा अन्य सामग्रीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनुपर्दछ। त्यसै गरी भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनु पर्दछ। यसवर्ष पालिकाले औषधि सोझै खरिदका लागि देहायका २ फर्मलाई रु. १६०४५१७ भुक्तानी दिएको

छ। पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। आपूर्ति हुने औषधि तथा औषधीजन्य सामाग्रीमा उल्लिखित सूचना पूर्ण रुपमा रहेको छैन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन तथा समयमा औषधि हस्तान्तरण गरी औषधि खरिद तथा व्यवस्थापन गर्नुपर्दछ।

भौ.नं.र मिति	विवरण	आपूर्तक	भुक्तानी रु.	कैफियत
३१०।०८२।३।२२	औषधि खरिद	चिराग फार्मेसी प्रा.लि.	१०६४०००	सशर्त चालु
१९३।०८२।१।१५	औषधि खरिद	मुक्तिनाथ मेडिको फर्मा	५४०५१७	सशर्त चालु
जम्मा			**१६०४५१७**	

६५ **स्थलगत अवलोकन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (२क) अनुसार कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने तथा पालिकाले सम्झौता गरेका देहाय अनुसार योजनाको स्थलगत अनुगमन गर्दा प्रगति पूर्ण हासिल नगरी भौतिक संरचना अधुरो एवं प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएकोमा कार्यालयले उक्त निर्माण संरचनाको बजेट, लागत अनुमान, अनुगमन प्रणाली एवं उपयोगिता सृजना गर्नेगरी सम्बन्धितलाई जिम्मेवार बनाई प्रगति हासिल गर्नुपर्दछ।

क्र.सं.	विवरण	भुक्तानी रु.	भौतिक प्रगति %	कैफियत
१	चिताइन बाँध निमार्ण उ.स.	८७२१९२	३५	विभिन्न निर्माण कार्य बाँकी
२	वडा नं. ३ कार्यालयको भवन निर्माण कार्य	२०४६२६७	६०	विभिन्न निर्माण कार्य बाँकी
३	वडा नं. ५ कार्यालयको भवन निर्माण कार्य	१३४२४६१	७०	विभिन्न निर्माण कार्य बाँकी

६६ **परामर्श तथा डी.पी.आर.खर्च —** यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रु.	खर्च रु.	कैफियत
बेरुजुको लगत तयार तथा एक्सल फायलमा अफलाइन इन्टरलिङ्ग प्रतिवेदन प्रणाली कार्य	आभाष एण्ड भवानी कन्सल्टेन्ट प्रा.लि.	४८९२९०	४८९२९०	परामर्श खर्च
नगर शिक्षा योजना निर्माण	हेल्पिङ्ग ह्याण्ड्स कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि.	४८८१६०	४८८१६०	परामर्श खर्च
हरैया डिहवार्नी पोखरीको सौन्दर्यीकरणका लागि डि.पि.आर. तयार गर्ने कार्य	एस.वि.एस. एसोसिएट्स प्रा.लि.	४८०२५०	४८०२५०	३७१७२१६३
प्रशासकीय भवनको डि.पि.आर.	प्रनिश डिजाइन एण्ड बिल्ट प्रा.लि.	४७६८६०	४७६८६०	५३५०७६४६
नगरपालिकाको आवधिक योजना निर्माण कार्य	डि.वि.कन्सल्टयान्ट प्रा.लि.	९७७४५०	९७७४५०	परामर्श खर्च
जम्मा		**२९१२०१०**	**२९१२०१०**	

यस्ता परामर्श तथा डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। अतः पालिकाले लागत अनुमानको आधार स्पष्ट नभई बजेटको आधारमा गरेको, योजना कार्यान्वयनमा नगएको तथा प्रतिवेदन सम्पत्तिको रुपमा लेखाङ्कन गर्नुपर्दछ।

६७ **कन्टिन्जेन्सी खर्च** - यस पालिकाले हरेक योजनामा न्युनतम ३ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टि गरेको छ। योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति खर्च भयो भन्ने यकिन हुन सकेन। कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कति खर्च भयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन। जिम्मेवार बनाई आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा कन्टिन्जेन्सी खर्चलाई पालिकाले व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ।

६८ **शिक्षा तर्फ** -

६८.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था भएको हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। पालिका अन्तर्गतका विद्यालयमा १३४ दरवन्दी रही १३१ जना कार्यरत रहेको र ३ जना रिक्त रहेको देखिन्छ।शिक्षा नियमावली २०५९ को नियम ७७ अनुसार तराई क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात ५० हुनुपर्नेमा २१ देखि १२१ र पालिकाको औसत ४८ जना रहेको देखिन्छ।

क्र सं	विद्यालयको नाम	दरवन्दी संख्या	कार्यरत संख्या	कार्यरत मध्ये			विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
				स्थायी	राहत	करार		
१	हरिहर जनता आ वि जानकीनगर	१०	९	५	३	१	१८९	२१
२	पाँच कुमार राम अवतार मा वि	१०	१०	५	५	०	४९७	५०
३	महाविर जनता मा वि	३२	३१	२५	३	३	१०५५	३४
४	जनता आ वि सखुवा	७	७	३	२	२	१६७	२४
५	जनकल्याण प्रा वि	३	३	०	१	२	१२६	४२
६	जनता मा वि फरहदवा	६	६	४	१	१	६५९	११०
७	जनता मा वि हरैया	१२	११	४	६	१	५३९	४९
८	आ वि मजुर्वा	७	७	२	३	२	४५४	६५
९	सार्वजनिक मा वि कोद्राहा	६	६	२	३	१	७२३	१२१
१०	श्रवण जनता प्रा वि	६	६	३	२	१	२९४	४९
११	लक्ष्मीनाथ जनता आ वि	७	७	४	१	२	३८५	५५
१२	इन्द्रपुर जनता प्रा वि	२	२	१	०	१	८३	४२
१३	जनता प्रा वि जगतपुर	४	४	१	२	१	१०१	२५
१४	रामलगन मा वि	१३	१३	६	५	२	७४८	५८
१५	जनता प्रा वि ढापटोल	९	९	४	३	२	२९८	३३
	जम्मा	१३४	१३१	६९	४०	२२	६३१८	४८

६८.२ **निकासा अभिलेख खाता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकहरुको तलव निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी राख्नु पर्नेमा सो गरेको देखिएन।यसवाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।तसर्थ विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ।

६८.३ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ अनुसार इमिसमा भएको प्रारम्भिक वाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु १५ का दरले पहिलो त्रैमासिक वजेट निकासा दिनु पर्ने,दोस्रो त्रैमासिकदेखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप निकासा दिनु पर्ने व्यवस्था छ।पालिकाले दिवा खाजा वापत गो भौ नं ६३ मिति २०८१।७।१२ वाट रु ३९८७१८०ऽ गो भौ नं २२९ मिति २०८२।२।२६ वाट रु ३१२५५३५ र गो भौ नं ३२० मिति २०८२।३।२३ वाट रु ३४७९१३० समेत रु १०५९१८४५ निकासा गरेको छ।यसरी रकम निकासा गर्दा कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ ले तोकेको प्रक्रिया पूरा गरी खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक हाजिरी प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपछि मात्र अनुदान दिने र प्रत्येक पटक रकम निकासा गर्दा सो समय भन्दा अघि निकासा भएको रकम सदुपयोग भए नभएको सुनिश्चित गरी निकासा दिनुपर्ने तथा वालवालिकालाई दिवा खाजा खुवाउँदा स्थानीय कृषकसंग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र विल भरपाइ संलग्न गरी विद्यालय व्यवस्थापन समिति र खाजा व्यवस्थापन उपसमितिवाट अनुमोदन गर्नु पर्नेमा सो भएको देखिएन साथै विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम संचालन भएको विषयमा पालिकाले अनुगमन गर्ने र सो मा केहि कैफियत देखिए समाधानको उपाय सहित राय सुझाव सहितको प्रतिवेदन दिनु पर्नेमा सो भए गरेको देखिएन । तसर्थ दिवा खाजा वापत खर्च भएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

६८.४ **प्रमाण कागजात** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च गर्दा खर्चको प्रमाण कागजात सहित लेखा राख्नु पर्ने व्यवस्था छ।रामलगन मा वि पिडारीको दिवा खाजा वापतको प्रथम,दोस्रो र तेस्रो किस्ता निकासा वापतको रकम रु ११४६७९५ को किस्ता वाइज खर्च विवरण खुल्ने विल भरपाइ पेश भएको देखिएन ।तसर्थ विल भरपाइ तथा कागजात पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	११,४६,७९५

६८.५ **पाठ्ययपुस्तक निकासा** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.४.६.२ अनुसार पालिकाले पुस्तक वापतको रकम निकासा गर्दा विद्यालयले प्रमाणित गरेको विद्यार्थी संख्याको आधारमा इमिस डाटामा सत्यापन गरेर मात्र दिनु पर्दछ।नमूना छनौट गरी परीक्षण गर्दा देहायका विद्यालयहरुको पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा केहीमा भरपाइ भन्दा वढी भुक्तानी दिएको, केहिमा विल भन्दा वढी भुक्तानी भएको देखिएकोले उक्त वढी भुक्तानी भएको रकम रु १९६९६ सम्वन्धित विद्यालयवाट असुल गर्नु पर्ने रु

क्र सं	विद्यालयको नाम	व्यहोरा	सेट संख्या	दर	जम्मा
१	मदरसा इमाम अहमद रजा, कक्षा २	खरिद विल भन्दा निकासा वढी भएको	१८	५५६।८०	१००२२
२	मदरसा रहमानिया गौशिया, कक्षा १ र २	भरपाइ भन्दा निकासा वढी भएको	१३	५२०।८०	६७७०
३	मदरसा मन्जरे इस्लाम कक्षा	भरपाइ भन्दा निकासा वढी	५	५८०।८०	२९०४
				जम्मा	१९६९६

असुल गर्नुपर्ने	१९,६९६

६८.६ **शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ वुंदा नं ९.२ मा पुस्तकालय व्यवस्थापन वापत ६५०००० र स्थानीय तहले शैक्षिक,व्यवस्थापकिय सुधार,सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालय छनौट गरी ती विद्यालयलाई २००००० अनुदान दिने व्यवस्था छ।उक्त अनुदान विद्यालयको आवश्यकताको आधारमा शैक्षिक तथा व्स्थापकिय पक्षमा गरिने सुधार, शिक्षक कर्मचारी क्षमता विकास,अभिभावक सचेतना तथा शिक्षा,स्थलगत अध्ययन भ्रमण,प्रविधियुक्त सिकाइ,छिमेकी विद्यालयसंगको अन्तरक्रिया एवं विद्यालयका मौलिक

अभ्यासलाई प्राथमिकता दिने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ।यस अन्तरगत देहायका २ विद्यालयलाई रकम निकासा दिएको सम्वन्धमा निम्नानुसार देखियोः

क जनता माध्यमिक विद्यालय हरिपुर ४ हरैयालाई निकासा दिएको रु २००००० खर्च नभएकोले उक्त रकम संघिय संचित कोषमा दाखिला गर्नु पर्ने

ख कार्यविधिको वुंदा नं ९.४ मा पुस्तकालय व्यवस्थापनका लागि खरिद गरेको पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामाग्री खरिद गरी व्यवस्थापन गर्न महाविर जनता मा वि लाई रु ६५०००० निकासा गरेको छ।सो रकमवाट सुनवर्षी वुक हाउस टोखा काठमाडौंवाट १६२७ थान पुस्तकहरु खरिद गरी भुक्तानी गरेको छ।उक्त पुस्तकहरु ISBN नम्वर अनुसार जिन्सी कितावमा दाखिला गरेको देखिएन ।तसर्थ विद्यालयले उक्त पुस्तकहरु ISBN नम्वर अनुसार दाखिला गरी जिन्सी अभिलेख व्यवस्थित गर्नु पर्दछ।साथै विद्यालयले निर्धारित मापदण्ड र प्रकिया अनुरुप पुस्तकालय व्यवस्थापन गरी कार्य सम्पन्न गरेको सम्वन्धमा विद्यालय व्यवस्थापन समितिवाट अनुमोदन गराउनु पर्दछ।

असुल गर्नुपर्ने	२,००,०००

६८.७ **छात्रवृति** - कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१ को वुंदा नं ४.1 मा इमिसमा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीको यथार्थ तथ्यांकसंग सत्यापन गराइ शिक्षा अधिकृतवाट प्रमाणित गराइ छात्रा र दलित विद्यार्थीहरुलाई वार्षिक रु ४०० का दरले छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसरी छात्रवृति वितरण गर्दा कक्षावाइज छात्रा तथा दलित विद्यार्थीको नाम नामेसी उल्लेख गर्नु पर्नेमा एउटै लिस्टमा सवै विद्यार्थीको नाम उल्लेख गरेकोले कक्षागत विद्यार्थी संख्या एकिन गर्न कठिनाइ पर्ने हुनाले कक्षावाइज नाम नामेसी उल्लेख गर्नु पर्दछ।त्यसैगरी देहायका विद्यालयलाई इमिस संख्या तथा भरपाइ संख्या भन्दा निकासा वढी देखिएको रकम रु १८००० सम्वन्धित विद्यालयवाट असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	इमिस छात्रा संख्या	निकासा छात्रा संख्या	वढी संख्या	वढी निकासा
रामनगर मा वि पिडारी, कक्षा १-५	५०	९१	४१	१६४००
मदरसा मन्जरे इस्लाम पिडारी,कक्षा३	भरपाइ संख्या १९	२३	४	१६००
			जम्मा	१८०००

असुल गर्नुपर्ने	१८,०००

६९ **जिन्सी दाखिला** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा खरिद गरी वा नगरी वा हस्तान्तरण भै आएका जिन्सी मालसमानहरु मूल्य समेत खुलाई जिन्सी आम्दानी वाँध्नु पर्ने व्यवस्था छ।पालिकाले स्वरुप सप्लायर्स त्रिपुरेश्वरवाट कोटेशनवाट १११० सेट न्यानो झोला प्रति थान भ्याट वाहेक रु ७८८।४९ ले खरिद गरी रु ९८९००३ भुक्तानी गरेको सामानहरु प्राथमिक स्वास्थ्य केन्द्र हरिपुर २ र लक्ष्मी स्वास्थ्य चौकी हरिपुर ६ लाई ५०५ थानका दरले हस्तान्तरण गरी पठाएकोमा उक्त संस्थाले जिन्सी आम्दानी गरी सम्वन्धित सुत्केरी महिलाले वुझेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,८९,००३

७० **नन्फाईलर** -

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य वृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। वादशाह इन्टरप्राइजेज फरदहवालाई कार्यस्थल सुरक्षा सामाग्री लगायतका सामान खरिद वापत मूल्य अभिवृद्धि कर रु ५६२४८ भुक्तानी गरेको छ।उक्त फर्मको विजक जारी मिति २०८२।३।२ रहेको र २०८१।M।10 देखि ननफाइलर रहेको पाइयो ।तसर्थ मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५६,२४८

७१ **प्रविधि हस्तान्तरण -**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को वुंदा ४१ (३) मा वुदा ४० वमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधि भित्र रही आवश्यकता विश्लेषण गरी शाखाको शिफारिसको आधारमा कूल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीवाट आपूर्तिकर्ताले कवोल गरेको अंङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाइ वढीमा ८० प्रतिशत रकम कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले तरकारी खेतीको लागि पानी तान्ने मोटर,पाइप,हसिया,कुटो,कोदालो आदि सामान ,च्याउ खेतीका लागि ड्रम, स्प्रेयर मेशिन र जैविक मल उत्पादनको लागि सेट निर्माण गर्न लागत अनुमान रु १६५१२० भएकोमा गो भौ नं २९१ मिति २०८२।३।१७ वाट १७५५४३ खर्च लेखेको छ।तसर्थ लागत अनुमान भन्दा वढी रु १०४२३ खर्च लेखेको छ।तसर्थ वढी भुक्तानी भएको रकम उद्यम विकास सहजकर्ता रामउदय दासवाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,४२३

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तरगत कूल ७१२००२० खर्च भएको मध्ये ज्यालामा रु ३४८६९६० खर्च भएको छ।वाँकी रकम रु ३६३३०६० सीप विकास तालिम अभिमुखीकरण तालिम लगायतका क्षेत्रमा खर्च भएको विवरण पेश भएको छ।पालिकाका ९ वडामा ९ योजना संचालन गरी यस वर्ष सूचिकृत ७२८ मध्ये ७४ जनालाई औषत ७० दिनले ५२२० दिन रोजगारी उपलव्ध गराई प्रति दिन रु ६६८ का दरले रु ३४८६९६० श्रमिक ज्याला खर्च गरेको छ।योजना संचालन भएका क्षेत्रहरुमा वडा नं १ र २ मा कुलो निर्माण तथा मरमत संभार, वडा नं ३,४,५,६,७,८ र ९ मा सडक निर्माण तथा मरमत संभार रहेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्वन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी छनौट गरी कार्यान्वियन गर्नु पर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृजना भएको देखिदैन।योजना अनुगमनमा पालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्वन्धित वडाध्यक्ष, इन्जिनियर,रोजगार संयोजकको हस्ताक्षर भएको देखिन्छ।

७३ **राजश्वतर्फ -**

७३.१ **राजश्व दाखिला गर्नुपर्ने -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद रकम सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० प्रतिशत जरीवाना गरी दाखिला गर्न लगाउने तथा कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ। कार्यालयले आ.व. २०८१।०८२ मा प्राप्त गरेको राजश्व हालसम्म दाखिला नगरेको हुँदा उक्त ढिला अवधिले हुने जरिवाना सहित रु. ३६६३४७ असुल गर्नुपर्ने देखिएको रु.

क्र.सं.	कर संकलकको नाम	विवरण	दाखिला गर्न बाँकी रु.	जरिवाना १० प्रतिशत	दाखिला गर्नुपर्ने जम्मा रकम रु.
१	न्यू जय हनुमान जेनरल अर्डर सप्लायर्स	लखन्देही खोलाको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र ग्रेभल उत्खनन सङ्कलन र निकासी	५१०००	३०६०	५४०६०
२	रितिक रोशन पासवान	हरिपुर बजारको ठेक्का	२९०५००	२१७८७	३१२२८७
जम्मा					**३६६३४७**

असुल गर्नुपर्ने	३,६६,३४७

७३.२ **मूल्य अभिवृद्धि कर दाखिला नभएका -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ मा नेपाल भित्र आपूर्ति हुने वस्तु वा सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र आन्तरिक आयको ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर सहितको रकममा सम्झौता गरी ठेक्का लगाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा देहायका आय ठेक्का वापत रु. १६५२६५० आम्दानी गरी दाखिला गरेको देखिन्छ। सो को १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर वापतको रु. १९०१२५ संघीय सरकारको खातामा दाखिला गरेको नदेखिएकोले नियमानुसार संघीय सरकारको खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

क्र.सं.	विवरण	सझौता गर्ने व्यक्ति वा फर्मको नाम	सम्झौता अवधि	कवोल रु.	असुली रु.	मू.अ.कर रु.
१.	मजुर्वा बजारको ठेक्का	मकबुल साह फकिर	१ वर्ष	८९००००	८९००००	१०२३८९
२.	चिताइन बजारको ठेक्का	मुकेश दास वनिया	१ वर्ष	६१५००	६१५००	७०७५
३.	पिडारी बजारको ठेक्का	विकाउ साह	१ वर्ष	११५६५०	११५६५०	१३३०४
४.	लक्ष्मीपुर बजारको ठेक्का	महुव मंसुर	१ वर्ष	१७५०००	१७५०००	२०१३२
५.	विज्ञापन करको ठेक्का	साइन हव प्रा.लि.	१ वर्ष	३१५००	३१५००	३६२४
६.	जडिबुटी,जिवजन्तु र कवाडी संकलन तथा निकासी करको ठेक्का	रोशन कुमार पासवान	१ वर्ष	१४४०००	१४४०००	१६५६६
७.	हरिपुर बजारको ठेक्का	रितिक रोशन पासवान	१ वर्ष	२३५०००	२३५०००	२७०३५
जम्मा					**१६५२६५०**	**१९०१२५**

प्रमाण पेश नगरेको	१,९०,१२५

७३.३ **राजश्व बाँटफाँट -** मधेश प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ अनुसार प्रदेशका स्थानीय तहले उठाएको दहत्तर बहत्तर, ढुङ्गा गिट्टी, बालुवाको ठेक्काबाट प्राप्त आम्दानीलाई प्रदेश सञ्चित कोषमा ४० प्रतिशतको दरले राजश्व बाँटफाँट गर्नुपर्ने व्यवस्था रहेको छ। अतः पालिकाले देहाय अनुसार रु. ९३२९२२ राजश्व बाँटफाँट गरी प्रदेश सञ्चित कोषमा पठाउनु गर्नुपर्दछ।

ठेक्का नं.	विवरण	प्राप्त राजश्व रु.	४० प्रतिशतको दरले बाँटफाँट हुने रु.
१०। ०८१। ८२	झीम खोलाको उत्तरमा ABF इट्टा उद्योगको दक्षिण खोलाको पूर्वि डिलको बाँसवारी असन्वा देखि दक्षिण मजुर्वा जाने बाटो सिमानासम्म	५११५१४	२०४६०६
०९। ०८१। ८२	लखन्देही खोलाको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र ग्रेभल उत्खनन सङ्कलन र निकासी	१८२०७८९	७२८३१६
जम्मा			**९३२९२२**

७३.४ **खोलाको आय ठेक्का** - ठे.नं. ९।०८१।८२ र १०।०८१।८२, पालिकाले ढुङ्गा, गिट्टी र बालुवा भएका क्रमशः लखन्देही र झीम खोलाको भ्याट सहित जम्मा रु. २३३२३०३ को सम्झौता गरी आम्दानी गरेकोमा देहाय अनुसार बेहोरा रहेका छनः

१. पालिकास्तरबाट नियमित अनुगमन गरेकोमा सोको प्रतिवेदन पेश भएको पाइएन,
२. बिक्री वा निकासी रसिद प्रमाणित राखेको पाइएन,
३. कति रसिद खर्च भई बाँकी रहेको भन्ने विवरण यकीन गरी पेश गरेको पाइएन,
४. ती दुई खोलाबाट कति घन फिटसम्म ढुङ्गा, गिट्टी र बालुवा उत्खनन भयो भने सोको विवरण पालिकासँग छैन र
५. यसरी माथि उल्लिखित विवरण पालिकाले यकीन गरी पेश नगरेको नियमसम्मत देखिएन।

७४ **मर्मत तर्फ** -

७४.१ **सवारी साधन तथा मेशीनरी औजार मर्मत र सम्भार खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकासँग १ वटा स्कोरपियो, १ वटा टिपर ठुलो, १ वटा टिपर सानो, १ वटा जे.सि.भी. ठुलो, १ वटा डोजर तथा १५ वटा मोटरसाईकल रहेका छन् ।पालिकाले सवारी साधन वाइजको मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तयार नगरी विभिन्न फर्महरु तथा कर्मचारीहरुले बील पेश गरेकै आधारमा यो वर्ष सवारी साधन,मेशिनरी औजार संचालन तथा सम्भारमा रु. २४६०१६८।० खर्च लेखेको छ ।उक्त रकम पालिकाको आन्तरिक आय रु. ९८ लाख ७० हजारको तुलनामा २४.९३ प्रतिशत रहेको छ। यसरी सवारी साधन मर्मत गर्दा सम्बन्धित सवारी चालकबाट मर्मत गर्नुपर्ने मनासिव कारण सहितको मर्मत आदेश फाराम तथा प्राविधिक पक्षबाट मर्मत गर्न लाग्ने लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक र मितव्ययी तवरले मर्मत सम्भार गराउनुपर्नेमा सो बमोजिम गरेको देखिदैन। अतः पालिकाले सवारी साधन र मेशिनरी औजारहरुको मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तयार तथा प्रचलित कानुनको पालना गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।केही उदाहरण निम्नानुसार छन्।

गो.भौ.नं र मिति	भुक्तानी पाउने	रकम	कैफियत
९२।२०८१।०७।१२	नेशनल अटो सर्भिस सेन्टर	३०९९४२	प्र-०२-०३-००१ च ५५९ नं. को फोर्टन जीप मर्मत
१६२।२०८१।१०।२५	पञ्चधुरा मल्टी ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.	९९१०१	ना१ ग ७२८ जे.सि.बी. मर्मत
१८२।२०८१।११।०१	एभरेष्ट ईन्कर्पोरेटेड प्रा.लि.	१५८२७२	ना १ झ १६३५ नं को सवारी मर्मत
२१८।२०८१।११।१८	अशोक एलटी ईन्जिनियरिङ सर्भिसेज प्रा.लि.	४४४६८	ना १ ग ७५५ नं. को टिपर ठुलो
२९६।२०८१।१२।०४	सिप्रदी ट्रेडिङ प्रा.लि.	८७५८५	ना १ ग ७५३ नं. को मिनि ट्रक
३९३।२०८२।०१।११	एभरेष्ट ईन्कर्पोरेटेड प्रा.लि.	२९४१६६	ना १ झ १६३५ नं. को स्कारपियो
४५६।२०८२।०२।०१	जगदम्बा कन्स्ट्रक्सन सोलुसन्स प्रा.लि.	१२४२३१	ना १ ग ७२८ नं. को एक्जाभेटर
५७०।२०८२।०३।१३	पञ्चधुरा मल्टी ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.	२७९११०	ना १ ज ७२८ नं. को ब्याकहोलोडर(JCB)
५८१।२०८२।०३।१५	रघुविर मोटरसाईकल रिपेयर सेन्टर प्रा.लि.	१९१५०	म.प्र.-०२-००१ब-०९८८ नं. को मोटरसाईकल
६७०।२०८२।०३।२३	स्काई कम्प्युटर	९८५००	सूचना तथा प्रविधी सामाग्री मर्मत

७४.२ **कार/जीप र मोटरसाइकलको मर्मत खर्च** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम कार/जीपको वार्षिक रु.५० हजार र स्कुटि/मोटरसाइकलको लागि वार्षिक रु.१० हजार नबढने गरी मर्मत खर्च उपलब्ध गराउनुपर्नेमा पालिकाले निर्देशिका बनाएको देखिएन।पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार चारपांग्रे र मोटरसाइकल/स्कुटिको मर्मत खर्च उपलब्ध गराइ मर्मत खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

७५ **कर्मचारीलाई भुक्तानी** -

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।नमुना परीक्षणको रुपमा पालिकाले खर्चको भुक्तानी दिदा सम्बन्धित सप्लायर्सको वैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई नगद भुक्तानी दिएको छ। सार्वजनिक खर्चको भुक्तानी दिँदा सम्वन्धित व्यक्ति, फर्म वा सप्लायर्सको वैंक खातामा भुक्तानी दिने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ ।जसका केही उदाहरण निम्नानुसार छन् ।

क्र.सं.	गो.भौ.नं. मिति	भुक्तानी पाउने	विवरण	रकम रु.
१	१९१।२०८१।११।०४	गणेश मान महर्जन	मसलन्द, खाजा, ईन्धन, विद्युत/पानी	१०४४८०
२	२२२।२०८१।११।१९	महेश कुमार दास	मसलन्द, खाजा, ईन्धन, विद्युत/पानी	१२०६१०
३	२९०।२०८१।१२।०३	निलम कुमार चौधरी	मसलन्द, खाजा, ईन्धन, विद्युत/पानी	१६२०३६
४	३०३।२०८१।१२।०५	रुपेश राय	मसलन्द, खाजा, ईन्धन, विद्युत/पानी	१५९११७
५	३१८।२०८१।१२।१५	कौशर आलम मंसुर	मसलन्द, खाजा, ईन्धन, विद्युत/पानी	१४५३५२
६	३२१।२०८१।१२।१५	मिलन सुवेदी	मसलन्द, खाजा, ईन्धन, विद्युत/पानी	१४४२८३

७६ **विद्युत महशुल जरिवाना -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र तथा नियमावली २०७७ को नियम ३९(११) मा सरकारी कारोवार गर्दा उचित गुणस्तर,मितव्ययी तथा हानीनोक्सानी नहुने प्रवन्ध मिलाउनु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी वनाउने सम्वन्धी मापदण्ड २०७८ को नियम १५ मा रकम विनियोजित भएको अवस्थामा महशुल समयमा भुक्तानी नगरी जरीवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरीवाना वापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट दामासाहीले असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ । नमुना परीक्षण गर्दा पालिकाले रकम विनियोजित भएको अवस्थामा समेत विद्युत वापतको भुक्तानी नेपाल विद्युत प्राधिकरणलाई समयमा विल भुक्तानी नगरी जरीवाना तिर्नुपर्ने अवस्था भएकोले अनियमित भएको रु.

गो.भौ. नं.	मिति	विवरण	बिल रकम	जरिवाना रकम
१७०	२०८१।१०।२९	विद्युत महशुल भुक्तानी	५९२६७	१२००५
२०७	२०८१।११।१२	पालिका र स्वास्थ्य केन्द्रहरुको विद्युत महशुल भुक्तानी	६८१०००	३३४०९
६०३	२०८२।०३।१७	विद्युत महशुल भुक्तानी	६२४३	१६६०
६९२	२०८२।०३।२४	विद्युत महशुल भुक्तानी	५६०५	५६०
			जम्मा	४७६३४

अनियमित भएको	४७,६३४

७७ **अन्य निकायको खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । नमूना परीक्षण गर्दा कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको ट्राफिक प्रहरी कार्यालय नवलपुरलाई गो.भौ.नं. ७१८।२०८२।०३।२५ बाट कम्प्युटर खरिद बापतको रकम रु. ५९८९०।० बादशाह ईन्टरप्राईजेजलाई भुक्तानी गरेको रकम नियमसम्मत देखिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो पूर्वाधार विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु.

अनियमित भएको	५९,८९०

७८ **खर्चको पुष्टि नभएको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने

जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको रु. ३६७७९३।० भुक्तानी गर्दा आवश्यक कागजात पेश गरेको छैन । यी खर्च अनुसार प्रमाणित कागजात पेश हुनुपर्ने रु.

भौ. नं./ मिति	भुक्तानी पाउने	प्रयोजन / विवरण	नपुग कागजात	भुक्तानी रकम
६६६। २०८२।०३। २३	जुटपानी स्टेशनरी एण्ड स्पोर्टस सेन्टर	वडा नं. १ का युवाहरुलाई खेलकुद सामाग्री वितरण	वितरणको भरपाई	४९२६८
६७६। २०८२।०३। २३	अजय शु सेन्टर	विद्यालयमा पढ्ने मुसहर बालबालिकाहरुलाई ४० थान स्कुल ब्याग र ४० थान जुत्ता वितरण	वितरणको भरपाई	४३२५७
६८९। २०८२।०३। २४	सचिन जेनरल स्टोर सप्लायर्स	सबै विद्यालयमा खेलकुद सामाग्री वितरण	वितरणको भरपाई	२७५२६८
			जम्मा	**३६७७९३**

प्रमाण पेश नगरेको	३,६७,७९३

७९ **सामाजिक सुरक्षा भत्ता -**

७९.१ सामाजिक सुरक्षा भत्ता वितरण - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरणा गर्दा सामाजिक सुरक्षा ऐन,२०७५ सामाजिक सुरक्षा नियामावली,२०७६ विधुतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता रणनिति,२०७४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ।पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष जम्मा निकासा रु.१४३७६६६३३।५४ मध्ये रु.१४३७६६६३३।५४ खर्च भएको छ।मृत्यू भई लगत कट्टा भएका लाभग्राहीहरुबाट रु. ६११५१।२ नेपाल बैंक लि. बाट र रु.१११७९९।४ एनआइसी एशिया बैंक लि. बाट फिर्ता गरेको र पालिकाले बैकबाट फिर्ता भएको रकम संघीय संचित कोषमा दाखिला गरेको छ।

७९.२ **लगत कट्टा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ११(१) मा पालिकाले अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट हटाई मुल अभिलेखकमा जनाउनु पर्ने व्यवस्था छ।बुदाँ११(२)मा लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा हकवालाले ३५ दिन भित्र दर्ता गराउनु पर्ने र विवरण अध्यावधिक गरी लगत कट्टा गराउनुपर्ने र लाभग्राहीले लगत कट्टा नगरेमा पालिकाका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयले लगत कट्टा गरी पालिकालाई जानकारी गराई अध्यावधिक गर्नुपर्नेमा गरेको छैन। पालिकाले वडाका पदाधिकारीलाई परिचालन गरी कार्यविधिको पालना गरी बैँकमा गएर डम्पिङ्ग हुन सक्ने अवस्थालाई सुधार गर्नुपर्नेमा सो गरेको छैन।

७९.३ **डोरमेन्ट खाता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ २३(५)मा खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक वर्षको श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलब्ध गराउनु पर्ने उल्लेख छ। पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अधावधिक गर्नु पर्दछ। यस वर्ष विभिन्न खाता रिजेक्ट भएकाले पालिकाले निष्कृय खाताको विवरण माग गरी खाता अधावधिक गर्नु पर्दछ।

८० (२५-2082-03-15):

कर कट्टि गर्नुपर्ने - आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार बिलको भुक्तानीमा १.५ प्रतिशतको दरले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टि नगरेको रु.२२७३८ कर दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

विवरण	भुक्तानी रु.	करको दर	कर रु.
१५ सैय्या अस्पताल निर्माण (शर्मा।धुलीखेल जे.भी.) ठे.नं. ०२।०७८।०७९	१५१५८६७	१.५	२२७३८

असुल गर्नुपर्ने	२२,७३८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : हरिपुर नगरपालिका, सर्लाही , हरिपुर नगरपालिका , सर्लाही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	ओम प्रकाश महतो	२०८०-११-३०	२०८१-७-१३
कार्यालय प्रमुख	विनय पौडेल	२०८१-१०-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	भुपेन्द्र कुमार सिंह	२०८०-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६७५,५५९	२१७,५२४	२१,७४८,२१६	०	०	४,४०९,६७१
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२७,०५०,९७०
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२७,०५०,९७०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६६७६६८६९.७६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४२१७९४८८१	**चालु खर्च**	२८७८७५०७१.३८
प्रदेश सरकारबाट अनुदान	२७२०६०६२	**पूँजीगत खर्च**	१६४४७६९५४.१
राजश्व बाँडफाँट	१०३०८३३७४.६१	**वित्तीय/अन्य व्यवस्था**	२४५११४६२१.३२
आन्तरिक आय	९८७०३०६.८१		
अन्य आय	१५७०२३०७९.५७		
कुल आय	७१८९७७७०३.९९	**कुल खर्च**	६९७४६६६४६.८०
बाँकी मौज्दात		१८८२७७९२६.९५	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।